का.जि.प्र.का.द.नं. १००/०५९/६०
२७ मंसिर २०८२
शनिबार
13 December 2025
Saturday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २३, अंक ३०३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

कभर स्टोरी

# एमाले उडान

**केपी शर्मा ओली नेतृत्वको एक दशकले एमालेलाई शक्तिशाली नेकपादेखि गम्भीर विभाजनसम्मका अनुभव दिएको छ, जसले पार्टीभित्र समन्वय अभाव र व्यक्ति-केन्द्रित प्रवृत्तिका चुनौती उजागर गरिदिएको छ। आन्तरिक लोकतन्त्र, नेतृत्व हस्तान्तरण र विचारगत स्पष्टतामा उठेका प्रश्न समाधान नगर्दासम्म एमालेलाई जनविश्वास पुनर्स्थापित गर्न कठिन देखिन्छ। उदयमान नयाँ पुस्ताको अपेक्षा, जेनजी आन्दोलनपछि बढेको राजनीतिक संशय र नयाँ वाम ध्रुवीकरणले एमालेलाई संगठनात्मक र वैचारिक पुनर्संरचनातर्फ डोर्‍याइरहेको छ।**

■ **जनक नेपाल, जीवन शर्मा र छवि सापकोटा**/*मध्यान्ह*







## उतारचढावपूर्ण ७५ वर्ष

सबैभन्दा ठुलो वामपन्थी दल नेकपा एमालेको ११औं महाधिवेशन आजबाट सुरु हुँदै छ। भक्तपुरको सल्लाघारीस्थित खुला चौरमा उद्घाटन हुने महाधिवेशनका लागि २ हजार २ सय ६२ महाधिवेशन प्रतिनिधि सहभागी हुँदै छन्।

२०४९ माघ १४-२० मा काठमाडौंमा भएको तत्कालीन माले र मार्क्सवादीको एकतापछि नेकपा (एमाले) बने पनि यसले २००६ सालमा स्थापना भएको नेकपाको मूलधार दाबी गर्दै आएको छ।

नेपाल कम्युनिस्ट पार्टीको इतिहास खोज्दा केशरजंग रायमाझीसम्म पुगिन्छ। २००२ सालमा उनले भारतीय कम्युनिस्ट पार्टीको सदस्यता लिएका थिए तर पार्टी स्थापना गर्न सकेनन्। पुष्पलाल श्रेष्ठले कार्लमार्क्सको 'कम्युनिस्ट घोषणापत्र'लाई पहिलोपटक नेपाली भाषामा अनुवाद गरेर २००५ चैत २३ मा मार्क्सवादी विचार प्रकाशित गरे। त्यसपछि उनले २००६ साल वैशाख १० गते कलकत्ताको श्यामबजारस्थित एक बंगालीको घरमा मोतीदेवी श्रेष्ठ, निरञ्जनगोविन्द वैद्य, नरबहादुर कर्माचार्य र नारायणविलास जोशीको साथ लिएर नेकपा स्थापना गरे। पार्टी महासचिवमा पुष्पलाल आफैं भए। तर पार्टी स्थापनाको कुरालाई गोप्य नै राखेर औपचारिक जानकारी २००६ भदौ ३० गते मात्रै सार्वजनिक गरिएको थियो।

## ■ मदन भण्डारी एमाले चरित्र निर्माता

*नेकपा एमालेको आफ्नै पहिचान छ- उदारवादी कम्युनिस्ट। जसको बलियो पार्टी संगठन छ र यो अन्तरपार्टी संवादमार्फत समेत फाइदा लिन माहिर छ। यस्तो चरित्र निर्माणमा मदन भण्डारीले ल्याएको जनताको बहुदलीय जनवाद (जबज)को मुख्य योगदान छ। त्यसअर्थमा एमाले चरित्रका सर्जक उनै भण्डारी हुन्।*



विस्तृत पृष्ठ २ र ३ मा

वैदेशिक रोजगार विशेष

## द्रुतगतिमा परिणाम दिनेगरी काम गर्ने नवनियुक्त श्रममन्त्रीको प्रतिबद्धता

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ मंसिर

गत भदौ २३-२४ गतेको जेनजी आन्दोलनपछि प्रधानमन्त्री सुशीला कार्कीको नेतृत्वमा गठन भएको अन्तरिम सरकारले तीन महिनापछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा मन्त्री नियुक्त गरेको छ।

प्रधानमन्त्री कार्कीले शुक्रबार चौथो चरणमा मन्त्रिपरिषद् विस्तार गर्दै नेपाल प्रहरीका पूर्वअतिरिक्त महानिरीक्षक (एआइजी) राजेन्द्रसिंह भण्डारीलाई श्रममन्त्रीमा नियुक्त गरेकी हुन्।

नेपाल प्रहरी सेवाबाट अवकाश भएको करिब एक दशकपछि भण्डारी पहिलोपटक मन्त्री बनेका हुन्।

गम्भीर प्रकृतिका अपराधको विशिष्टीकृत अनुसन्धानका लागि



नेपाल प्रहरीले २०६७ सालमा केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) गठन गरेको थियो।

फौजदारीदेखि वित्तीय अपराधसम्मका जटिल मुद्दा छुट्टै टिमले अनुसन्धान गर्नुपर्ने आवश्यकता देखिएपछि गठन »» पृष्ठ ५ मा

### पूर्वराजाको 'भान्जा' भन्दै ४८ जनालाई ठग्ने सिंह पक्राउ

**काठमाडौं/रासस-** विभिन्न मुलुकमा आकर्षक रोजगारीमा पठाइदिने भन्दै ४८ जना यवायुवतीसँग चार करोड ३९ लाख ठगी गरेको आरोपमा काठमाडौं महानगरपालिका-२७ का ५१ वर्षीय मनोजकुमार सिंह भन्ने अनुपकुमार सिंह पक्राउ परेका छन्।

सिंहसहित दोलखाको मेलुङ गाउँपालिका-७ का ५१ वर्षीय लड्डुबहादुर श्रेष्ठले बेरोजगार युवायुवतीलाई बेलायतको म्यान्चेस्टर सहरमा सञ्चालित एक होटलबाट कमदारको माग भएकाले सो होटलमा रोजगारी मिलाइदिने भन्दै ठगी गरेको »» पृष्ठ ५ मा

## इतिहासकै ठुलो अन्तरिम सरकार

कृष्णप्रसाद भट्टराई र खिलराज रेग्मी नेतृत्वमा बनेका इतिहासका दुवै अन्तरिम सरकार ११ सदस्यीय थिए। सुशीला कार्की नेतृत्वको वर्तमान अन्तरिम सरकार भने १४ सदस्यीय पुगेको छ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २६ मंसिर

प्रधानमन्त्री सुशीला कार्कीले चौथोपटक मन्त्रिपरिषद् विस्तार गरेकी छन्। शुक्रबार प्रधानमन्त्री कार्कीले कुमार इङ्नाम, राजेन्द्रसिंह भण्डारी, माधव चौलागाईं र श्रद्धा श्रेष्ठलाई मन्त्री पदमा नियुक्त गरेकी हुन्। नवनियुक्त चारै जना मन्त्रीहरूले शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ लिएका छन्। यससँगै कार्की नेतृत्वको मन्त्रिपरिषद् १४ सदस्यीय भएको छ।

नेपालको इतिहासमा तीनवटा अन्तरिम सरकार बनेका छन्। पछिल्लोपटक सरकार कार्की नेतृत्वमा छ।

यसअघि पहिलो संविधानसभा विघटन भएपछि पूर्वप्रधानन्यायाधीश खिलराज रेग्मी नेतृत्वमा सरकार बनेको थियो। सो मन्त्रिपरिषद् ११ सदस्यीय थियो। २०४६ सालको जनआन्दोलनपछि बनेको अन्तरिम सरकार पनि ११ सदस्यीय नै थियो। त्यसबेलाको सरकार कृष्णप्रसाद भट्टराई नेतृत्वमा थियो।



२०६२-०६३ सालको संयुक्त जनआन्दोलनले भने प्रतिनिधिसभा पुनर्स्थापित गर्‍यो। पुनर्स्थापित प्रतिनिधि सभामा विद्रोहबाट आएको माओवादीबाट समेत मनोनीत गरेर सांसदहरू संसद्मा लगिएको थियो। सो पुनर्स्थापित प्रतिनिधि सभाले गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सरकार बनाएको थियो। सो सरकार आन्दोलनपछि बनेको भए तापनि संसदीय अभिलेखमा नेपाल सरकारकै रूपमा रहेको छ।

२०८२ साल भदौ २३ र २४ गते जेनजी आन्दोलन भएपछि भने अन्तरिम सरकार नै बनेको »» पृष्ठ ५ मा

मध्यान्ह
www.madhyanhadaily.com
२७ मंसिर २०८२ शनिबार
13 December 2025 Saturday

कभर स्टोरी

# ओलीले कता लैजाँदै छन् एमाले ?

नेकपा एमालेमा अध्यक्ष केपी शर्मा ओलीको एक दशक लामो पार्टी सत्ताको समीक्षा गर्दा उनी पहिलोपटक नेतृत्वमा पुगेको क्षण सम्झनलायक छ। नवौं महाधिवेशनबाट अध्यक्ष निर्वाचित भएपछि १ साउन २०७१ मा पहिलोपटक पार्टी मुख्यालय बल्खुमा पुग्दा उनको अनुहारमा खुसीभन्दा ज्यादा थकान थियो। अनि मन्तव्यमा उस्तै भावुकता। ओलीले त्यतिबेला भनेका थिए, 'सम्भवतः कमरेडहरूको जत्तिको लामो जीवन मेरासामु छैन, त्यसैले मलाई कुनै पनि काम विस्तारै गर्दै जाऔंला नि त भन्ने सुविधा छैन भन्ने तथ्यप्रति सजग छु। मेरो सम्पूर्ण सामर्थ्य, ऊर्जा र विवेक पार्टी, जनता, देश र मानवताप्रति समर्पित हुनेछ।'



नयाँ दिल्ली र बैंककका अस्पतालमा उपचार गराएर नवौं महाधिवेशनको केही दिनअघि मात्र ओली काठमाडौं फर्किएका थिए। सुन्निएको अनुहार, दायाँ हातमा सेतो ब्यान्डेज लगाएको जीर्ण शरीर लिएर उनी महाधिवेशनस्थल पुग्दा गाडीबाट ओर्लिन र चढ्न पनि अरूको सहारा चाहिन्थ्यो। चुनावी मैदानमा झन्डै १५ वर्ष पार्टी हाँकेका माधव नेपाल उनका प्रतिस्पर्धी थिए। तर महाधिवेशन प्रतिनिधिले एमालेको नेतृत्व ओलीलाई सुम्पिए।

पार्टी नेतृत्वमा पुग्न ओलीले आन्तरिक लोकतन्त्र, एक व्यक्ति-एक पद, बहुपदीय सामूहिक नेतृत्व र नेतृत्व हस्तान्तरणको एजेन्डा अघि सारेका थिए। उनको त्यो मुद्दालाई पार्टी पंक्तिले स्विकाऱ्यो पनि। तर जसै ओली नेतृत्वमा आए आफ्नै एजेन्डाबाट क्रमशः टाढाटाढा हुँदै गए। १०औं महाधिवेशनमा ७० वर्षे उमेर हदलाई थोरै मिचेका उनी ११औं महाधिवेशनसम्म आइपुग्दा विधान संशोधन गरेरै तेस्रो कार्यकालका लागि मैदानमा उत्रिएका छन्।

नवौं महाधिवेशनमा ओलीलाई उनको परम्परागत गुट मात्र होइन, मालेकालीन पुराना नेताहरूको साथ थियो। झापा सशस्त्र विद्रोहको अगुवा र १४ वर्ष जेल बसेको नेतालाई एकपटक नेतृत्वमा देख्न चाहने हुटहुटी पनि थियो। सम्भवतः त्यसै कारणले प्रतिकूल स्वास्थ्य स्थितिमा पनि उनले चुनाव जिते। त्यसयताका एक दशक ओलीको लोकप्रियतामा ठुलो उतारचढाव मात्र आएन, हिजो उनलाई काँधमा बोक्नेहरू अहिले अर्को प्यानल बनाउँदै छन् भने त्यतिबेला विपक्षी समूहमा रहेकाहरू काँध थाप्न आइपुगेका छन्।

## उकालो यात्रा

आठौं महाधिवेशनमा झलनाथ खनालसँग पराजित भएपछि ओलीलाई पार्टीको तेस्रो वरीयतामा उक्लिनसमेत महिनौं लागेको थियो। केन्द्रीय कमिटीमा ओलीको बहुमत रहेकै कारण खनालले चाहे जसरी पनि पार्टी चलेन। पाँच वर्षपछि त उनले खनाललाई संसदीय दलको नेतामै पराजित गरिदिए। दोस्रो संविधान सभापछि पार्टीमा फेरिएको शक्ति समीकरणले २१ माघ २०७० मा ओलीलाई एमाले संसदीय दलको नेता बनाइदियो। त्यहींदेखि हो, पार्टी र राष्ट्रिय राजनीतिमा अध्यक्ष ओलीको उकालो यात्रा सुरु भएको। त्यतिबेला उनले पार्टीमा एक व्यक्ति एक पदको नारा मुद्दा अघि सारेका थिए। त्यही मुद्दा बोकेर उनी नवौं महाधिवेशनबाट पार्टी अध्यक्ष चुनिए। संयोग, २०७०-२०७२ को अवधिमा ओलीका लागि विजयको शृंखला बन्यो। ती दुई वर्षमा ओलीले तीन पूर्वप्रधानमन्त्रीलाई पराजित गरेका थिए। पार्टी संसदीय दलको नेतामा खनाललाई, नवौं महाधिवेशनमा पार्टी अध्यक्षमा नेपाल र २४ असोज २०७२ मा कांग्रेस सभापतिसमेत रहेका सुशील कोइरालालाई पराजित गर्दै ओली पहिलोपटक प्रधानमन्त्री बने।

संविधान सभाबाट संविधान जारी गराउन ओलीको मुख्य भूमिका रह्यो। संविधानमा भारतले देखाएको असन्तुष्टि र नाकाबन्दीका बीच ओलीको दृढ अडान, चीनसँगको पारवहन सम्झौता र रेलदेखि पाइपलाइनका सपना बाँडेर ओली रातारात लोकप्रिय बने। त्यही लोकप्रियताले २०७४ को स्थानीय तह निर्वाचनमा कांग्रेस-माओवादी गठबन्धनबीच एमाले पहिलो दल बन्न पुग्यो। १७ असोज २०७४ मा एमाले-माओवादी केन्द्र चुनावी गठबन्धन बनाएर संघ तथा प्रदेश सभामा गठबन्धनको बहुमत आउनुमा पनि ओलीको लोकप्रियताले काम गरेको थियो। त्यतिबेला एमालेले ओलीलाई भावी प्रधानमन्त्रीका रूपमा अघि सारेको थियो। कांग्रेस-माओवादी गठबन्धनले सत्ताबाट ओरालिएका ओली वामगठबन्धनको सुविधाजनक बहुमतसहित पुनः सिंहदरबार फर्किए। चुनावी गठबन्धनलाई ३ जेठ २०७५ मा एउटै पार्टीमा परिणत गरेर, नेकपा नामको बोइङको 'ककपिट'मा दोस्रो अध्यक्षका रूपमा तत्कालीन माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई राखे। त्यो इतिहासमै सबैभन्दा शक्तिशाली झन्डै दुई तिहाइ बहुमतको वामपन्थी सरकार थियो। ५ जेठ २०७७ मा ओली सरकारले भारतद्वारा अतिक्रमित कालापानी, लिपुलेकसहितको क्षेत्र समेटेर नेपालको नयाँ नक्सा जारी गऱ्यो। त्यसले दक्षिणसँग सम्बन्ध चिसिए पनि देशभित्र ओलीलाई राष्ट्रवादी नेताको उचाइ दिएको थियो। तर उनको कार्यशैलीप्रति समर्थककै मोह भंग हुँदै छ। लामो समय ओली समूहसँगै रहेका नेता गोकुल बास्कोटा दशक लामो ओली नेतृत्वको समीक्षा गर्दै भन्छन्, '२०७१ सालदेखि २०७७ सम्मका राम्रो भन्नुपर्छ। त्यो निर्माणको चरण थियो। त्यसपछि हो, सबै बिग्रिँदै गएको।'

त्यहाँसम्म अध्यक्ष ओलीको उकालो यात्रा सहज नै थियो। तर तीन पूर्वप्रधानमन्त्रीसहितका समकालीन नेताहरूबीच राम्रो समन्वय गर्न अध्यक्ष ओली चुक्दै गए। नेताका कुण्ठा, पार्टी वरीयता, लाभका पदको भागबन्डासँगै शक्ति संघर्षले आन्तरिक द्वन्द्व बढ्न थाल्यो। त्यसले अन्ततः नेकपालाई विघटन मात्र गरेन, मुलुकलाई पुनः अस्थिरताको चक्रब्युहमा फर्कायो। राजनीतिशास्त्री कृष्ण पोखरेल पार्टी विभाजनसँग वामपन्थी आन्दोलनसँगै मुलुकको राजनीतिसमेत बरालिन पुगेको बताउँछन्।

## अनि ओरालो

एमालेमा ओली जसरी उदाए, उसैगरी आफूप्रतिको विश्वास र लोकप्रियतालाई भने टिकाइराख्न सकेनन्। कुनैबेला सामाजिक सञ्जालमा सबैभन्दा धेरै प्रशंसित ओली अहिले आलोचनाको तारो बनेका छन्। दलभित्र आन्तरिक लोकतन्त्र भित्र्याएका उनकै नेतृत्वकालमै फरक मत राख्ने नेतामाथि कारबाही गर्ने तहमा पार्टी पुग्यो। न उनले वामएकता जोगाउन सके न त एमालेलाई सग्लो राख्न सके। 'बनिसकेको एउटा शक्तिशाली कम्युनिस्ट पार्टी छिन्नभिन्न हुनुमा अरू पनि दोषी होलान्,' राजनीतिशास्त्री पोखरेल भन्छन्, 'पार्टीको मूल नेतृत्वका रूपमा ओलीजीले त्यसको जिम्मेवारी लिनुपर्छ।'

नेकपाकालीन अन्तरसंघर्ष यति पेचिलो बन्यो कि अर्का अध्यक्ष प्रचण्ड, माधव नेपाल, झलनाथ खनाललगायतका प्रभावशाली नेताहरूले उनलाई सरकार र पार्टीसत्ताबाट हटाउन अनेक चलखेल गरे। त्यसको काउन्टर ओलीले अवैधानिक ढंगले प्रतिनिधि सभा विघटन गरेर दिए, जसका कारण उनले लोकतान्त्रिक छवि गुमाए।

एमाले अध्यक्ष ओलीको ओरालो यात्रा त्यहींबाट सुरु भयो। प्रचण्ड-माधव समूहले अविश्वास प्रस्ताव ल्याउने तयारी भएपछि पहिलोपटक ५ पुस २०७७ मा र आफ्नै पार्टीका सांसद्समेत कांग्रेस सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउन हस्ताक्षर गरेरपछि ७ जेठ २०७८ मा संसद् विघटन गरिदिएका थिए। त्यसविरुद्ध विपक्षी दलहरूले लामो आन्दोलनसमेत गरे। अन्ततः ओलीको कदम असंवैधानिक भन्दै सर्वोच्च अदालतले संसद् पुनर्स्थापना गरिदियो। सर्वोच्चको अर्को फैसलाबाट नेकपा विघटन भई एमाले र माओवादी केन्द्र ब्युँताइदियो भने दोस्रोपटक संसद् पुनर्स्थापनापछि प्रधानमन्त्री बनेका कांग्रेस सभापति देउवाले अध्यादेश ल्याएर एमाले पुनः विभाजित भयो। यसरी पार्टी एकता गरेर शक्तिशाली नेकपाको अध्यक्ष भएका ओलीकै नेतृत्वकला नपुग्दा वामशक्ति तितरबितर हुनपुग्यो। राजनीतिशास्त्री डा. जनार्दन आचार्यको नजरमा ओलीले इतिहासमै दुर्लभ बहुमतको अवसर पाएर पनि त्यसलाई टिकाइराख्न सकेनन्। त्यसमा उनको समन्वय अभाव र व्यक्तिपरक निर्णय मुख्य कारण बन्न पुग्यो। 'पहिलोपटक शक्तिशाली कम्युनिस्ट पार्टी बनेको थियो। त्यसले स्थिरताको वातावरण पनि बनेको हो। तर ओलीले त्यसलाई जोगाउन सकेनन्,' आचार्य भन्छन्।

२०७९ को आमचुनावमा त एमाले राष्ट्रिय राजनीतिमा करिबकरिब एक्लिन पुग्यो। तर बलियो संगठनात्मक संरचना र कार्यकर्ताले एमालेलाई जोगाइराखे। समानुपातिकतर्फ सबैभन्दा धेरै मतसहित एमाले पुनः मुख्य शक्तिका रूपमा संसद्मा पुग्यो। आलोचकका शब्दमा 'ओली प्रवृत्ति' अर्थात् आफूकेन्द्रित निर्णय, व्यक्तिवाद र संगठनमा विचारभन्दा व्यक्ति अगाडि राख्ने शैलीले ओलीलाई सर्वमान्य नेता बनाइराख्न सकेको छैन। पार्टीमा एकछत्र नेतृत्व हुँदासमेत उनी सबैको नेता बन्न नसकेको आरोप संस्थापनइतरको छ।

## कता जाँदै छ एमाले ?

संस्थापनइतर नेताहरूले अपेक्षा गरेझैं 'चमत्कार' नभए ओलीलाई नेतृत्वमा तेहरिनबाट रोक्न मुस्किलजस्तै देखिन्छ। महाधिवेशनका लागि आएका प्रतिनिधि, आयोजक कमिटी, मनोनीत हुने प्रतिनिधिहरूको अंकगणितको विश्लेषणले त्यसै भन्छ। लामो समय एमालेको संगठन हाँकेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलको पार्टीमा पकडको परीक्षण पनि हुँदै छ। पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको प्रभावले पनि महाधिवेशनको नतिजालाई तलमाथि पार्न सक्छ। तर एमाले अब कता जाँदै छ भन्ने आमचासो देखिन्छ।

खासगरी जेनजी आन्दोलन (२३-२४ भदौ, २०८२)ले एमाले मात्र होइन, पुराना दलहरूप्रतिको विश्वास डगमगाएको छ। फेरि उनै दल र नेतालाई किन जिताउने भन्ने प्रश्न उठाइदिएको छ। तर भरपर्दो वैकल्पिक शक्ति पनि देखिँदैन। एमालेबाट विभाजित भएर बनेको एकीकृत समाजवादी र माओवादी केन्द्रसहित एक दर्जन धेरै वामघटकको एकताले भइरहेको ताजा ध्रुवीकरण एमालेका लागि नयाँ चुनौती हो। 'महाधिवेशनका दृश्यहरू हेर्दा एमालेमा ओलीकै निरन्तरता हुनेजस्तो देखिन्छ,' प्राध्यापक पोखरेल भन्छन्, 'तर महाधिवेशन जितेर राष्ट्रिय राजनीति जितिँदैन भन्ने ओलीजीले बुझ्नुपर्छ।' आउँदो आमचुनावले एमाले मात्र होइन, पुराना दलहरूको हैसियत देखिने उनको विश्लेषण छ।

एमालेमा ओली तेहेरिएर अहिलेकै ढंगले अघि बढ्दा पार्टी र उनी स्वयंको लोकप्रियता फिर्ता हुने सम्भावना नदेख्नेहरू पनि छन्। एमाले राजनीतिबाट आएका विश्लेषक झलक सुवेदी ओलीले अब पार्टीलाई ऊर्जा दिन नसक्ने बताउँछन्। चारपटक प्रधानमन्त्री भइसकेकाले परीक्षित नेताका रूपमा अब कार्यकारी प्रमुखबाट पनि आशा गर्ने ठाउँ नभएको टिप्पणी गर्दै भन्छन्, 'अब उहाँ नेतृत्वमा आउँदा पार्टीमा ऊर्जा आउने अवस्था छैन।'

पछिल्लो जेनजी आन्दोलनपछि आलोचनाको केन्द्रमा एमाले र ओली छन्। अर्ली महाधिवेशन गरेर आफूप्रतिको आक्रोश कम गर्ने र आफ्नो विकल्प खोज्नेहरूलाई जवाफ दिने रणनीतिमा ओली देखिन्छन्। १०औं महाधिवेशनमा सर्वसम्मत नेतृत्व छान्ने योजनामा आन्तरिक लोकतन्त्रमाथि नै प्रहार गरेको आरोप लागेका ओलीले यसपटक सिधै मतदानमा जाने भनिरहेका छन्। विधान महाधिवेशन भइसकेकाले वैचारिक बहसमा समय नखर्चिने भन्दै छन्। संस्थापनइतर नेताहरू सौराहा महाधिवेशनमा झैं सूची बाँडे त्यो दुर्भाग्य हुने भनिरहेका छन्। 'यसपटक आन्तरिक लोकतन्त्रको ढोका खुल्न सक्छ' पोखरेलको विश्लेषण छ, 'नेताहरूले प्यानलको अभ्यास गरे पनि एमालेमा इमानदार कार्यकर्ता पंक्ति छ। त्यसले आठौं र नवौंमा जस्तो पार्टीलाई चाहिने नेताहरू सन्तुलन मिलाएर छान्न सक्छ। त्यो स्थितिमा ओलीजीकै नजिकका नेताहरू हार्न सक्छन्।'

११औं महाधिवेशनबाटै एमालेले आन्तरिक लोकतन्त्रमाथि उठेको प्रश्नलाई सम्बोधन गर्नुपर्छ। ओली नेतृत्वको एक दशकको निर्मम समीक्षा गर्नुपर्छ। किनभने ११ वर्षमध्ये झन्डै ६ वर्ष उनी प्रधानमन्त्रीसमेत रहे। पार्टीभित्रका अल्पमतलाई सुन्ने, फरक मतकै कारण भूमिकाविहीन नबनाउने प्रतिबद्धतासहित अघि बढ्न सक्दा मात्र एमालेले संगठन मात्र होइन, जनमत बलियो बनाउन सक्छ।

बदलिएको परिस्थितिमा दलभित्र नयाँ पुस्ताले ठाउँ खोजेको छ। महाधिवेशनमा ४० वर्ष मुनिका युवा प्रतिनिधित्व बढाएर एमालेले नेतृत्व विकासको सामान्य सुधार थालेको देखिन्छ। पार्टी नेतृत्वमा अर्थपूर्ण युवा सहभागिता बढाउन सक्दा मात्र पार्टीले नयाँ ऊर्जा प्राप्त गर्न सक्छ।

त्यसो त वामपन्थी पार्टी भएर पनि एमालेमा लोकतान्त्रिक अभ्यासको परम्परा लामै छ। त्यो संस्कृति भने बनिसकेको छैन। अरू दलमा झै चुनावमा प्रतिस्पर्धा गर्ने तर हारेपछि नेतृत्वलाई असहयोग गरिरहने प्रवृत्ति एमालेमा पनि छ। आफ्नै कार्यकालमा दुईवटा विभाजन बेहोरिसकेका ओलीका काँधमा पार्टीलाई मिलाएर लैजाने जिम्मेवारी पनि छ। सबैभन्दा ठुलो आफू र दलको गुमेको विश्वसनीयता फर्काउन केके यत्न गर्छन्, त्यसैले झन्डै ७५ वर्ष लामो इतिहास बोकेको कम्युनिस्ट मूलधार नेकपा एमालेको भविष्य निर्धारण गर्नेछ।



# मदन भण्डारी एमाले चरित्र निर्माता

नेकपा एमाले ११औं महाधिवेशनमा छ। अध्यक्षमा केपी शर्मा ओली तेहेरिन खोज्दै छन् भने ईश्वर पोखरेल अध्यक्षमा आउन खोज्दै छन्। कोशी प्रदेश प्रचार विभाग सदस्य जीवनाथ दाहालका अनुसार ओली र पोखरेल दुवै एकै पुस्ताका नेता हुन्। जसलाई मदन भण्डारीको 'स्पिरिट' थाहा छ। तर भण्डारीको पदचापअनुसार कति हिँडे वा हिँडेनन् भन्ने समीक्षा भविष्यमा हुनेछ।

एमालेका पोलिटब्युरो सदस्य लिलाबहादुर थापा मगरका अनुसार आजको एमाले मदन भण्डारीले बनाएका हुन्। मदन भण्डारीले नेपाली वाम राजनीतिको दिशा नबदलेको भए एमालेको अवस्था के हुने थियो भन्ने विषय अर्को समीक्षाको विषय हो। मदन भण्डारीले त्यस्तो के गरे ? जसले एमालेलाई आजको एमाले बनाउन सक्यो ? यी प्रश्नको जवाफ खोज्न एमालेको जीवनलाई दुई भागमा विभाजन गर्नुपर्नेहुन्छ। चौथो महाधिवेशन अघि र त्यसयताको एमाले।

२०४६ सालको जनआन्दोलनले ३० वर्षे निरंकुश पञ्चायती व्यवस्था ढाल्यो। प्रजातन्त्रको पुर्नवहाली भएसँगै भूमिगत रहेको भण्डारी नेतृत्वको तत्कालीन नेकपा (माले) सार्वजनिक भयो। खुला राजनीतिमा आएसँगै त्यतिबेलाको वस्तुगत आवश्यकतालाई मनन् गरी माले र मनमोहन अधिकारी नेतृत्वको नेकपा (मार्क्सवादी)बीच २०४७ साल पुस २२ गते पार्टी एकता गरी नेकपा एमाले बन्यो। अध्यक्ष मनमोहन अधिकारी भए भने कार्यकारी महासचिव भण्डारी भए। त्यसपछि एमालेको यात्रा मोडियो। २०४६ सालमा भएको तत्कालीन मालेको चौथो महाधिवेशनमै भण्डारीले 'बहुदलीय जनवाद'को विषय ल्याए। जसमाथि चर्को बहस भयो। पाँचौं महाधिवेशनमा मदन भण्डारी नै महासचिव दोहोरिए। 'बहुदलीय जनवाद' अगाडि बढ्यो र अहिले जनताको बहुदलीय जनवाद (जबज)का रूपमा स्थापित छ। यो एमालेको मार्गदर्शक सिद्धान्त हो।

मदन भण्डारीको उदय र जबज अगाडि बढ्ने पृष्ठभूमिमा विश्व कम्युनिस्ट आन्दोलनको संकट महत्वपूर्ण पक्ष छन्। तत्कालीन समयमा विश्व कम्युनिस्ट आन्दोलन संकटतर्फ जाँदै थियो। सोभियत संघ टुक्रिँदै गरेको अवस्था र खुला लोकतन्त्रको बहस विश्वव्यापी थियो। जसको असर नेपालमा नपर्ने कुरै भएन। त्यस्तो बेला मदन भण्डारी नेपालको वाम आन्दोलनलाई वैकल्पिक र आधुनिक बाटोतर्फ मोडिदिए। आजको एमाले, एमालेले गर्दै आएको संसदीय अभ्यास, नीतिगत बहस, संगठनात्मक क्षमता र जनसमर्थनलाई मदन भण्डारीको वैचारिक हस्तक्षेपको विस्तारका रूपमा मानिन्छ।

किनभने सोभियत संघ विघटनतर्फ धकेलिँदै गएको, पूर्वी युरोपका कम्युनिस्ट शासन गिरिरहेको र विश्व राजनीति बहुदलीय लोकतन्त्रको लहरमा ढल्किँदै गरेको समयलाई भण्डारीले बुझे। त्यसपछि नेपालमा वामआन्दोलनले नयाँ दिशातर्फ मोड दिनेगरी संसदीय अभ्यास स्वीकार्ने, बहुदलीय प्रतिस्पर्धामा सामेल हुने नीति लिए र वाम राजनीतिलाई जनमुखी र लोकतान्त्रिक बाटोतर्फ डोऱ्याए। मदन भण्डारीले वामआन्दोलनलाई तीन कोणबाट 'टर्न' गराए।

## वैचारिक टर्न

त्यो वैचारिक टर्न जबज हो, जसले नेपाली कम्युनिस्टको सैद्धान्तिक पुनर्गठन गऱ्यो। कम्युनिस्टलाई लोकतान्त्रिक प्रतिस्पर्धामा सामेल गरायो। मदन भण्डारीले बहुदलीय लोकतन्त्रमार्फत समेत समाजवाद निर्माण सम्भव छ भन्ने दिशामा मोडिदिए। यसले कम्युनिस्टहरूलाई लोकतान्त्रिक खेलभित्र लगिदियो। जबजले हिंसात्मक क्रान्ति, सशस्त्र युद्धभन्दा जनताको मत निर्णायक हो भन्ने व्याख्या गरिदियो।

## संगठनात्मक टर्न

भूमिगत राजनीति छाडेर खुला प्रतिस्पर्धा र जनता केन्द्रित संगठन निर्माण मदन भण्डारीले गरेको दोस्रो टर्न हो।

भण्डारीको यस्तो नीतिले तत्कालीन समयमा नेपालका रहेका दर्जनौं वामहरू एकीकृत हुने वातावरण बन्यो। भण्डारी नेतृत्वमा एकीकरण प्रक्रिया अगाडि बढ्दा मिलन, पुनर्गठन, क्याडर लाइनमा शुद्धीकरण गऱ्यो। जसले एमालेलाई क्याडर केन्द्रित पार्टीबाट मासमा समेत जोड्ने काम गऱ्यो। जसले नयाँ पुस्तालाई आकर्षित गर्न सक्यो, समाजशास्त्री, शिक्षक, श्रमिक, बुद्धिजीवी सबैलाई पार्टीमा तान्न सक्यो। अहिले पनि एमाले यी क्षेत्रमा बलियो रूपमा स्थापित छ।

## राजनीतिक टर्न

मदन भण्डारीले जबजमार्फत निर्वाचनलाई मुख्य राजनीतिक मार्ग बनाइदिए। जसअनुसार २०४८ को चुनावमा भाग लिए। नेपाली कांग्रेस सबैभन्दा ठुलो दल भयो र एमाले प्रमुख विपक्षी दलको हैसियतमा उदायो।

अर्थात्, २०४८ को पहिलो बहुदलीय चुनावमार्फत एमाले ठुलो राष्ट्रिय शक्तिका रूपमा स्थापित भयो। तत्कालीन समयमा कम्युनिस्ट पार्टीहरूलाई यति ठुलो सार्वजनिक म्यान्डेट मिल्नु ठुलो उपलब्धिका रूपमा रहेको स्वयं कम्युनिस्ट नेता बताउँछन्। ठुलो शक्तिका रूपमा उदाएको एमालेले तत्कालीन समयमा संसद्मा प्रभावकारी रूपमा उपस्थिति देखायो। साथै व्यावहारिकता र सहमतिको राजनीति पनि अगाडि बढायो। संसदभित्र 'रचनात्मक विपक्ष' भन्ने लाइन ल्याएर एमालेले कम्युनिस्ट र लोकतान्त्रिक शक्तिबीचका द्वन्द्व घटाउने काम पनि गऱ्यो। गठबन्धन चलाउने, संसद् चलाउने, सहमतिबाट मुद्दा समाधान गर्ने जस्तो व्यावहारिक कम्युनिस्ट पार्टीका रूपमा एमालेलाई संस्थागत गर्ने कामको अगुवाइ भण्डारी नै गरे। यी तीन कोणबाट एमालेलाई 'टर्न' गरेका भण्डारीले दीर्घकालीन रूपमा कसरी पार्टी अगाडि बढाउने भनेर त्यसका छापसमेत छोडेका छन्। एउटा उदाहरण नेतृत्व शैली हो। स्पष्ट भाषण, सरल भाषा, सामूहिकता एमालेको अहिलेको पहिचान हो। जो भण्डारीले नै सुरुवात गरेका हुन्। जसले एमालेलाई मदन भण्डारीदेखि केपी शर्मा ओलीसम्मलाई 'लोकप्रिय' बनाउन भूमिका खेलेको छ। गलत तर्कमा अडान लिँदा उस्तै आलोचनासमेत खेपेका छन्। भण्डारीले देखाएको अर्को संस्कार हो- इमानदार छवि। भण्डारीको पालामा व्यक्तिगत स्वच्छता, मितव्ययिता, सरल जीवनशैलीले कम्युनिस्ट नेतृत्वप्रति जनताको भरोसा बढाएको थियो। साथसाथै दीर्घकालीन प्रभाव पार्ने काम गर्ने भण्डारीको शैली अहिले पनि एमालेले पछ्याउने गरेको छ।

कभर स्टोरी

# एमालेका उतारचढावपूर्ण ७५ वर्ष




सबैभन्दा ठुलो वामपन्थी दल नेकपा एमालेको ११औं महाधिवेशन आजबाट सुरु हुँदै छ। भक्तपुरको सल्लाघारीस्थित खुला चौरमा उद्घाटन हुने महाधिवेशनका लागि २ हजार २ सय ६२ महाधिवेशन प्रतिनिधि सहभागी हुँदै छन्।

२०४९ माघ १४-२० मा काठमाडौंमा भएको तत्कालीन माले र मार्क्सवादीको एकतापछि नेकपा (एमाले) बने पनि यसले २००६ सालमा स्थापना भएको नेकपाको मूलधार दाबी गर्दै आएको छ।

नेपाल कम्युनिस्ट पार्टीको इतिहास खोज्दा केशरजंग रायमाझीसम्म पुगिन्छ। २००२ सालमा उनले भारतीय कम्युनिस्ट पार्टीको सदस्यता लिएका थिए तर पार्टी स्थापना गर्न सकेनन्। पुष्पलाल श्रेष्ठले कार्लमार्क्सको 'कम्युनिस्ट घोषणापत्र'लाई पहिलोपटक नेपाली भाषामा अनुवाद गरेर २००५ चैत २३ मा मार्क्सवादी विचार प्रकाशित गरे। त्यसपछि उनले २००६ साल वैशाख १० गते कलकत्ताको श्यामबजारस्थित एक बंगालीको घरमा मोतीदेवी श्रेष्ठ, निरञ्जनगोविन्द वैद्य, नरबहादुर कर्माचार्य र नारायणविलास जोशीको साथ लिएर नेकपा स्थापना गरे। पार्टी महासचिवमा पुष्पलाल आफैं भए। तर पार्टी स्थापनाको कुरालाई गोप्य नै राखेर औपचारिक जानकारी २००६ भदौ ३० गते मात्रै सार्वजनिक गरिएको थियो। तर पुष्पलाल महासचिवबाहेक कोही पनि सदस्य थिएनन्। औपचारिक रूपमा पार्टी गठन भएको सार्वजनिक गर्दा केन्द्रीय कमिटीमा मनमोहन अधिकारी, तुलसीलाल अमात्य, शैलेन्द्रकुमार उपाध्याय, डिपी अधिकारी र भाइसाहेब भनिने अयोध्या सिंहलाई सदस्य राखिएको थियो। अयोध्या सिंहलाई भारतीय कम्युनिस्ट पार्टीका प्रतिनिधिका रूपमा नेकपा केन्द्रीय कमिटीमा राखिएको थियो। यसरी पार्टी गठनमा साथ दिएका नेताहरूलाई नै कमिटीमा नराखेर अरू व्यक्तिहरू खोजिनुले कम्युनिस्ट स्थापनाको सुरुवाती चरणमै जालझेल भएको देखिन्छ। सोही लिगेसी अहिलेसम्मको कम्युनिस्टको चरित्रमा देखापरेको नेकपा एमालेका पुराना नेता लोककृष्ण भट्टराई बताउँछन्। 'भारतीय कम्युनिस्ट नेता रत्नलाल ब्राह्मणको संगतमा पुगेका केशरजंग रायमाझी कलकत्तामा अध्ययनकै क्रममा २००२ सालतिर नै भारतीय कम्युनिस्ट पार्टीको सदस्य भएको इतिहास छ,' उनले मध्यान्हसँग भने, 'त्यसबेला पुष्पलाल, नरबहादुर कर्माचार्य, निरञ्जन गोविन्द वैद्य, नारायणविलास श्रेष्ठ र मोतीदेवी (दुर्गा) श्रेष्ठ नेकपाका संस्थापक हुन्। तर पुष्पलालबाहेकको नामै आएन। त्यो सुरुवाती चरण नै अलिकति जालझेलजस्तो देखिन्छ।'

नेकपाको अधिकांश समय गुट/उपगुटमा विभक्त हुँदै अनेकन थरीका नामकरण गर्दै २०४९ माघ १४-२० गते भएको पाँचौं महाधिवेशनबाट मदन भण्डारीको वैचारिक दृष्टिकोण जनताको बहुदलीय जनवाद 'जबज' पारित भएसँगै एमालेले संस्थागत रूप लिएको हो। त्यसयता पनि पार्टी सग्लो भएन। नेताहरूबीचको गुटबन्दी र चोइटिने क्रम नरोकिए पनि नेपालको राजनीतिमा एमालेले राज्य संयन्त्रमा पटकपटक महत्वपूर्ण स्थान भने पाउँदै आएको छ।

नेपालका कम्युनिस्ट पार्टीमा जनवादको अभ्यास भए पनि आन्तरिक जनवादकै विषयलाई लिएर टुटफुटको स्थिति बन्दै आएको विश्लेषक सुनाउँछन्। नेकपाका आरम्भिक वर्षहरूमा नै वैचारिक संघर्षलाई खुला रूपमा स्वीकार गर्ने र बहुमतको निर्णय मान्ने परम्परा अवलम्बन गरिए पनि कहिले बहसलाई निषेध गर्न खोज्दा, कहिले बहुमतको निर्णयलाई अल्पमतले अस्वीकार गर्दा फुटको शृंखला देखिँदै आएको वाम विश्लेषक झलक सुवेदी बताउँछन्। 'जनवादको अभ्यासका सन्दर्भमा माले कालमा अनेक उतारचढाव भएका थिए,' सुवेदी भन्छन्, 'सिपी मैनालीमाथिको कारबाही बहसकै निरुपणका सन्दर्भमा भएको थियो। गोपाल शाक्यलाई फरक मत राखेकै कारण लामो समय कारबाही गरिएको थियो। टंक कार्कीसमेतको एउटा समूहलाई फरक विचारलाई तलसम्म लगेकै कारण लखेटिएको थियो।'

पार्टीभित्र जनवादको अभ्यास पनि सँगसँगै आएको उनी बताउँछन्। 'पार्टीमा आन्तरिक लोकतन्त्र र जनवादको अभ्यास गर्न नपाउने भएपछि नेताहरूले फरक बाटो रोज्दै जाँदा एमालेको अवस्था पनि खिइँदै गएको छ,' सुवेदीले भने।

पार्टीको पाँचौं महाधिवेशन एमालेको जीवनमा जनवादको अभ्यासको एउटा कोसेढुंगाका रूपमा लिन सकिने उनको तर्क छ। त्यहीबाट एमालेले आन्तरिक पार्टी जीवनमा जनवादको अभ्यासलाई खुला र सहज बनाउँदै लगे पनि पार्टी संस्थापनले विषयलाई गिजोल्ने, पार्टी नोकरशाहीलाई संस्थापनका पक्षमा चलखेल गर्न लगाउने र फरक मतलाई अवरोध गर्ने प्रयास भइरहेको सुवेदीको टिप्पणी छ। मदन भण्डारीले ल्याएको जनवादले अभ्यासले एमालेमा आफ्ना विरुद्ध दस्ताबेजसहित बहस र आलोचनामा उत्रनेहरूलाई पनि ससम्मान गर्ने, केन्द्रीय नेतृत्वमा स्थान दिने, सँगै लिएर हिँड्ने प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गर्ने कुरालाई राज्य सत्ता र पार्टीभित्र पनि समान रूपले लागू गर्नुपर्ने कुरालाई सैद्धान्तिकीकरण गरेको थियो सुवेदीले बताए। 'तर अहिलेको नेतृत्वबाट एमाले त्यस्तो अपेक्षा गर्न नपाइने अवस्थामा पुगेको छ,' सुवेदीले भने, 'अहिले कमरेड केपी ओलीको समय हो र उहाँको व्यवहार र अभिव्यक्तिले ओलीलाई जनवाद खासै रुचि लाग्ने शब्द नभएको देखिन्छ।'

## महाधिवेशन इतिहास

### पहिलो महाधिवेशन

नेकपाले २००८ असोज ११ देखि १६ गतेसम्म (६ दिन) भारतको कलकत्तामा प्रथम राष्ट्रिय सम्मेलन भयो। प्रथम सम्मेलनबाट पुष्पलाल महासचिवमा चयन भए। पाँच जनाको राजनीतिक समितिमा पुष्पलालका अतिरिक्त मनमोहन, तुल्सीलाल, शैलेन्द्रकुमार र भाइसाहेब थिए। २००८ सालमा नै मनमोहनले पुष्पलाललाई हटाएका थिए। नेकपाको पहिलो महाधिवेशन २०१० माघ १७ मा भूमिगत रूपमा उद्घाटन भई नौ दिनसम्म चलेको थियो। महाधिवेशनबाट मनमोहन महासचिवमा चयन भए।

### दोस्रो महाधिवेशन

नेकपाको दोस्रो महाधिवेशन २०१४ जेठ १५-२५ सम्म काठमाडौंको फोहरा दरबार (अहिले निर्वाचन आयोग भएको स्थल)मा भयो। पहिलो महाधिवेशनद्वारा निर्वाचित महासचिव मनमोहन चीनमा उपचारका लागि बसेकाले दोस्रो महाधिवेशनमा उपस्थित भएनन्। केशरजंगले नै कार्यवाहक महासचिवकै हैसियतले महाधिवेशन गराए। सो महाधिवेशनले केशरजंगद्वारा प्रस्तुत दस्ताबेज अस्वीकृत गरे पनि उनलाई पुनः महासचिवको जिम्मेवारी दियो। नेतृत्वमा केशरजंग गुटको नियन्त्रण रह्यो। मतदानमा केशरजंगले १७ मतमध्ये १२ पाएका थिए भने पुष्पलालले ५ मत मात्रै पाए।

### तेस्रो महाधिवेशन

२०१९ वैशाख ४ देखि १५ गतेसम्म नेकपाको तेस्रो महाधिवेशन भएको थियो। तेस्रो महाधिवेशनद्वारा गठित केन्द्रीय कार्यकारिणी समिति विवादका कारण निष्क्रिय रह्यो। २०२४ सालमा पुष्पलाल पक्षबाट केन्द्रीय नयाँ समिति निर्माण गर्दै एउटा कन्भेन्सन आयोजना गरियो। नेताहरूबीच आन्तरिक विवाद चुलिँदै जाँदा मोहनविक्रम सिंहले मोहन विक्रमले पुष्पलाललाई गद्दारको संज्ञा दिँदै आफ्ना पक्षका नेताहरू बोलाएर मोहनविक्रमकै नेतृत्वमा २०३१ भदौ ३० देखि असोज ७ गतेसम्म भारतमा चौथो महाधिवेशन गरे।

अर्को पक्षले २०३६ सालमा एकता सम्मेलन गरी नेकपा घोषणा गर्‍यो। नेकपामा फुट र विभाजनका कारणले दर्जन बढी कम्युनिस्ट पार्टी जन्मिए। त्यससँगै कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध गर्न कोओर्डिनेसन केन्द्र बन्यो। त्यो नै नेपाली कम्युनिस्ट आन्दोलनको मूलधार बन्दै गएको इतिहास छ। जसलाई नेकपा एमालेको आफ्नो लिगेसी दाबी गर्दै आएको छ। २०३२ सालमा विराटनगरमा अखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी कोअर्डिनेसन कमिटी (कोके) गठन भयो।

कोकेकालका सिपी मैनाली, झलनाथ खनाल, माधव नेपाल, मुकुन्द न्यौपाने, अमृत बोहरा, गोविन्द न्यौपाने, मणिलाल राई र रामचन्द्र तथा मुक्तिमोर्चाबाट २०३४ सालमा कोकेमै आएका जीवराज आश्रित, मदन भण्डारी, मोदनाथ प्रश्रित, वामदेव गौतमलगायतका नेताहरूबाट बनेको थियो। २०३९ सालमा मालेभित्र खटपट भयो, पार्टी फेरि समस्यामा पर्‍यो। सिपी महासचिव थिए। उनको पार्टी कमिटीसँग अन्तरविरोध बढ्दै जाँदा सिपीले माधवलाई महासचिवको जिम्मेवारी लिन आग्रह गरे पनि माधव र वामदेवको प्रस्तावमा झलनाथ महासचिव भएका थिए।

### चौथो महाधिवेशन

नेकपा (माले)द्वारा २०४६ साल भदौ ९-१४ मा सिरहाको विष्णुपुरकट्टीस्थित माले कार्यकर्ता बलबहादुर सुनुवारको घरमा भूमिगत रूपमा नेकपाको चौथो महाधिवेशन भयो। चौमबाट पार्टीको लाइन पनि फरक हुँदै आयो। निर्मल लामा, अमिक शेरचन, नरबहादुर कर्माचार्य, जयगोविन्द साह, चित्रबहादुर आलेहरूले दरभंगामा छुट्टै पार्टी गठनका लागि प्रथम राष्ट्रिय सम्मेलन अयोजक समिति बनाए। उनीहरूले २०३१ सालमा चौथो महाधिवेशन गरेर पार्टीको नाम नै नेकपा (चौथो महाधिवेशन) अर्थात् चौम राखे।

२०४६ सालमा जनआन्दोलनका लागि वाममोर्चा गठन गर्ने र प्रजातान्त्रिक आन्दोलनका लागि नेपाली कांग्रेससँग कार्यगत एकता कायम गर्ने कुरामा चौथो महाधिवेशनको महत्वपूर्ण योगदान रहेको एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले बताए। चौथो महाधिवेशनले मदनलाई महासचिव निर्वाचित गर्‍यो। कम्युनिस्ट आन्दोलनभित्रको एउटा घटक नेकपा (माले)ले आयोजना उक्त महाधिवेशनले नेपालको राजनीतिमा दूरगामी प्रभाव परेको पोखरेलको भनाइ छ। 'त्यो महाधिवेशनमा माओत्सेतुङ विचारधारालाई निरन्तरता दिने कि छोड्ने भन्नेमा ठुलो बहसपछि भोटिङ भयो,' पोखरेलले अनुभव सुनाए।

माओत्सेतुङ विचारधारा राख्नुपर्छ भन्ने लाइनमा अमृत बोहरा, अष्टलक्ष्मी शाक्य, अशोक राईलगायत नेता थिए। यही महाधिवेशनले मदन भण्डारीलाई महासचिवमा स्थापित गर्‍यो। त्यतिबेला सिपी, झलनाथ, जीवराज, माधव पोलिटब्युरोमा थिए। अमृत बोहोरा वैकल्पिक पोलिटब्युरो भए। केन्द्रीय समितिमा अशोक राई, ईश्वर पोखरेल, केपी ओली, प्रदीप नेपाल, वामदेव गौतम, राधाकृष्ण मैनाली, त्रिलोचन ढकाल, युवराज ज्ञवालीलगायत थिए।

### पाँचौं महाधिवेशन : जबजको जन्म

२०४९ माघ १४-२० मा काठमाडौंमा भएका पाँचौं महाधिवेशन नेकपा एमालेकै नाममा भएको पहिलो महाधिवेशन थियो। त्यसअघि २०४७ पुस २२ गते नेकपा माले र मनमोहन अधिकारी नेतृत्वको नेकपा मार्क्सवादीबीच पार्टी एकता भएर नेकपा एमाले गठन भएको थियो। अध्यक्ष मनमोहन अधिकारी भए भने शक्तिशाली महासचिवमा मदन भण्डारी नै छानिए। पोलिटब्युरोमा सिपी, जीवराज, झलनाथ, माधव, बलराम उपाध्याय, भरतमोहन अधिकारी, सहाना प्रधान र सिद्धिलाल सिंह थिए। अमृत बोहोरा, ईश्वर पोखरेल, केपी ओली, मुकुन्द न्यौपाने, राधाकृष्ण मैनाली, केशरमणि पोखरेललगायत नेता केन्द्रीय समितिमा परे। पाँचौं महाधिवेशनले मदन भण्डारीले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदन 'जनताको बहुदलीय जनवाद' पारित गरेको थियो। भण्डारीविरुद्ध सिपी मैनालीले 'परिमार्जित नौलो जनवाद' र मोहनचन्द्र अधिकारीले 'नौलो जनवाद' प्रस्तुत गरे। तर ती फरक मतले कुनै स्थान नपाएको नेताहरू बताउँछन्।

### छैटौं महाधिवेशन

२०५४ माघ १२-१८ सम्म नेपालगन्जमा भएको छैटौं महाधिवेशनमा महाकाली सन्धिलाई लिएर एमालेभित्र भयो। पाँचौं महाधिवेशनको तीन वर्ष नपुग्दै तत्कालीन महासचिव मदन भण्डारीको दासढुंगा जिप दुर्घटनामा मृत्यु भएपछि माधवकुमार नेपाल महासचिव चयन भएका थिए। नेपालगन्ज महाधिवेशनले अध्यक्षमा मनमोहन अधिकारीलाई र महासचिवमा माधव नेपाललाई नै चयन गर्‍यो। तर महाधिवेशनलगत्तै २०५४ फागुन २१ मा पार्टी विभाजन भयो। सहाना प्रधान अध्यक्ष र वामदेव गौतम महासचिव रहेको नेकपा माले गठन भयो। त्यसको चार वर्षपछि २०५८ फागुन ४ गते पुनः पार्टी एकता गरिएको थियो।

### सातौं महाधिवेशन

२०५९ माघ १८-२२ मा जनकपुरमा भएको एमालेको सातौं महाधिवेशन अधिवेशनबाट माधव नेपाल र केपी ओलीका अलग समूह बने। तर नेपाललाई महासचिव बन्नबाट रोक्ने ओलीको चाहना पूरा भएन। महाधिवेशनले पुनः माधव नेपाललाई नै महासचिव निर्वाचित गर्‍यो।

### आठौं महाधिवेशन

२०६५ फागुन ५-१४ मा बुटवलमा आठौं महाधिवेशनमा पहिलोपटक एमालेमा बहुपदीय व्यवस्थामा गयो। शक्तिशाली महासचिव प्रणालीबाट अध्यक्ष शक्तिशाली हुने प्रणालीमा प्रवेश गरेको एमालेमा पहिलो शक्तिशाली अध्यक्ष झलनाथ खनाल भए। महाधिवेशनमा झलनाथ र केपी ओलीले अध्यक्षमा प्रतिस्पर्धा गरेका थिए। ओलीलाई खनालले १ सय १७ मतले पराजित गरेका हुन्। महासचिवमा खनाल पक्षका नेता प्रदीप नेपाललाई हराउँदै ओली पक्षका ईश्वर पोखरेल विजयी भए। यो महाधिवेशन पनि नीतिभन्दा नेतृत्व केन्द्रित भएको थियो।

### नवौं महाधिवेशन

२०७१ असार १९ देखि साउन १ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा भएको नवौं महाधिवेशनबाट नेतृत्वमा केपी ओलीको इन्ट्री भयो। ओलीले माधव नेपाललाई हराउँदै अध्यक्ष बन्दा उनको उपाध्यक्षमा विद्यादेवी भण्डारी, वामदेव गौतम, युवराज ज्ञवाली, अष्ठलक्ष्मी शाक्य, भीम रावल निर्वाचित भएका थिए। महासचि ईश्वर पोखरेल, उपमहासचिवमा विष्णु पौडेल र घनश्याम भुसाल, सचिवमा प्रदीप ज्ञवाली, भीम आचार्य, पृथ्वी सुब्बा गुरुङ, गोकर्ण विष्ट, योगेश भट्टराई निर्वाचित भएका थिए। सोही महाधिवेशनपछि एमालेमा गुटगत राजनीतिक मौलाउँदै गएको विश्लेषक बताउँछन्।

### १०औं महाधिवेशन

२०७८ मंसिर १० देखि १४ सम्म चितवनमा भएको एमालेको १०औं राष्ट्रिय महाधिवेशनबाट ओली दोस्रोपटक अध्यक्षमा निर्वाचित भए। ओलीविरुद्ध भीम रावलले उम्मेदवारी दिएका थिए। महाधिवेशनपछि २०७९ मा भएको आमनिर्वाचनमा एमाले देशको दोस्रो ठुलो दल बन्यो। ओलीले आमनिर्वाचनमा भीम रावल, घनश्याम भुसालसहितका दिग्गज नेताहरूलाई टिकट दिएनन्। महाधिवेशनमा आफूलाई असहयोग गर्नेप्रति असहिष्णु देखिएका ओली ११औं महाधिवेशनमा सहजै अध्यक्ष बन्ने योजनामा छन्। तर उनलाई विगतमा साथ दिएका ईश्वर पोखरेलसहितका नेताहरूले काउन्टर दिएका छन्। मंसिर २९ सम्म सम्पन्न हुने यो महाधिवेशनले कस्तो परिणाम ल्याउँछ र एमालेको आगामी यात्रा कस्तो हुन्छ ? भन्ने आमचासोको विषय बनेको छ।

# सीमादेखि निर्वाचन सुरक्षासम्म सक्रिय सशस्त्र प्रहरी

सपना बोहरा/मध्यान्ह
काठमाडौं, २६ मंसिर

देशको सीमा सुरक्षा, विपद् व्यवस्थापन र निर्वाचन सुरक्षा क्षेत्रमा सशस्त्र प्रहरी बल (एपिएफ) सक्रिय रूपमा परिचालन हुँदै आएको छ। सशस्त्र प्रहरी बलका सूचना अधिकारी डिआइजी मनीष थापाका अनुसार आर्थिक वर्ष २०८२/८३ को पाँच महिनामा २ हजार ८ सय ३२ वटा संयुक्त सीमा गस्ती गरिएको छ। यसअन्तर्गत भारतको सीमा सुरक्षा बलसँग मिलेर करिब ३ हजार गस्तीहरू भएको थापाले बताए।

सशस्त्र प्रहरी बलले यसै अवधिमा १२ हजार ८ सय ६५ वटा एकल सीमा गस्तीसमेत सञ्चालन गरेको छ। तुलना गर्दा आर्थिक वर्ष २०८१/८२ मा ६ हजार ७ सय ९८ संयुक्त गस्ती र २०८०/८१ मा ५ हजार ८ सय ५१ संयुक्त तथा ३१ हजार ५ सय २३ एकल गस्ती गरिएको थियो।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा पनि सशस्त्र प्रहरी बल परिचालन हुनेछ। शुक्रबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा डीआईजी थापाले निर्वाचन सुरक्षा योजनाअनुसार सशस्त्र प्रहरी बलले निर्वाचन क्षेत्रमा निष्पक्ष र भयरहित वातावरण सुनिश्चित गर्न काम गर्ने बताए।

अतिसंवेदनशील, संवेदनशील र सामान्य क्षेत्र अनुसार सुरक्षा जिम्मेवारी तोकेर परिचालन गरिने पनि उनले जानकारी दिए। निर्वाचन सुरक्षार्थ सशस्त्र प्रहरी बलले अन्य सुरक्षा निकायसँग समन्वय गर्दै निर्वाचनको एक महिना अघिदेखि आवश्यक सामग्री र सवारीसाधनसहित खटाउनेछ। साथै, निर्वाचनमा खटिनुअघि सम्पूर्ण कर्मचारीलाई निर्वाचन सुरक्षा तालिम प्रदान गरिनेछ।

सशस्त्र प्रहरी बलले यसअघि सीमा सुरक्षा, आन्तरिक सुरक्षा, राजस्व संकलन, विपद् व्यवस्थापन लगायतका क्षेत्रमा समेत महत्वपूर्ण भूमिका खेलेको छ। २०८२ साल कात्तिक ११ देखि १७ गतेसम्म, ८ सय ३३ स्वदेशी र १ सय ४७ विदेशी नागरिक उद्धार गरिएको थियो। बाढी, पहिरो, हिमपहिरो, सडक दुर्घटना, आगलागी, हावाहुरी तथा अन्य विपद्मा ६ सय ९५ जनालाई सकुशल उद्धार गरिएको थापाले जानकारी दिए।




साथै, सामाजिक सञ्जालमा आचारसंहिताको उल्लंघन गरी बर्दीको दुरुपयोग गरेका २ सय १२ जना प्रहरीमाथि विभागीय कारवाही गरिएको छ।

सीमामाथि मर्मतसम्भारको विवरण पनि सार्वजनिक गरिएको छ। भारततर्फ, २०८०/८१ मा ३ सय ७८ वटा सीमा स्तम्भ मर्मत भए, २०८२/८३ मा ५ सय ४७ वटा मर्मत गरिएको छ। नेपालतर्फ, २०८०/८१ मा २ हजार १ सय ३७, २०८१/८२ मा ४ सय ९८, र २०८२/८३ मा ५५ वटा सीमा स्तम्भ मर्मत गरिएको थियो।

हार्दिक श्रद्धाञ्जली



जन्म मितिः
वि.सं. १९९६/०७/१०
स्वर्गारोहण मितिः
वि.सं. २०८२/०८/१५

स्व. कोपिला कुमारी जोशी

यस एड्भेन्चर ह्युमन रिसोर्स प्रा.लि.का सञ्चालक **कुलदेव (केडी) जोशीकी** ममतामयी आमा
**कोपिला कुमारी जोशीको**
८६ वर्षको उमेरमा निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा स्व. आत्माप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा भगवान्ले धैर्य धारण गर्ने शक्ति प्रदान् गरून् भन्ने कामनाका साथ हार्दिक समवेदना व्यक्त गर्दछौं।

एड्भेन्चर ह्युमन रिसोर्स प्रा.लि.परिवार
सितापाईला, काठमाडौं।

हार्दिक श्रद्धाञ्जली



जन्म मितिः
वि.सं. १९९६/०७/१०
स्वर्गारोहण मितिः
वि.सं. २०८२/०८/१५

स्व. कोपिला कुमारी जोशी

हाम्रा शुभेच्छुक पुराना व्यवसायी, एड्भेन्चर ह्युमन रिसोर्स प्रा.लि.का सञ्चालक **कुलदेव (केडी) जोशीकी** ममतामयी आमा
**कोपिला कुमारी जोशीको**
८६ वर्षको उमेरमा निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा स्व. आत्माप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा भगवान्ले धैर्य धारण गर्ने शक्ति प्रदान गरून् भन्ने कामनाका साथ हार्दिक समवेदना व्यक्त गर्दछौं!

सीतादेवी श्रेष्ठ
प्रकाशक
मदनकुमार श्रेष्ठ
प्रधान सम्पादक
तथा
मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक
परिवार

VACANCY
ANNOUNCEMENT
One of the reputed recruitment agency is seeking for following applicants.

Public Relation Officer : 2 (Male/Female)
Requirements:-
- 10+2 from English Medium.
- Minimum 2 Years Experienced in Related Fields.

Documentation : 1 (Male/Female)
Requirements:-
- 10+2 from English Medium.
- Minimum 2 Years Experienced in Related Fields.

Salary Negotiable

Send Your CV at tilichooverseas@gmail.com

TILICHO OVERSEASE PVT.LTD. Gov. Lic No. 1234/074/075
Gausala -9 bijaya chok, Kathmandu,
Tel :01 - 5927398, Contact No. 9851097971, Email : tilichooverseas@gmail.com

युएईमा रोजगार
कम्पनीः TAWASUL TRANSPORT LLC.
पूर्व स्वीकृत मितिः २०८१/१०/०१ चलानी नं.: ६०२३२१५४
L.T. No.: 317357
शहरः UAE
पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रू. | | | | | | | |
| 1. | Driver (Taxi) | 200 | 0 | स. काममा दक्ष | 1500 | ५८,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता चुलिबिरू होटल बुटवलमा २०८२ पुस ५ गते (20 December2025) मा हुनेछ।
अन्तर्वार्ता दियो महल मार्ट काठमाडौंमा २०८२ पुस ६ गते (21 December 2025) मा हुनेछ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस ७ गते (22 December 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Al Secure Manpower Recruitment P. Ltd.
श्रम इजाजत नं.: ८२३/०६६/०६७
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949,Tel: 01-4592900, 4590800, 4589700, 9802070417, 9802070414, 9802070415 | Email: nfo@alsecuremanpower.com | Website: www.alsecuremanpower.com

कथा

# मुटुलाई फलाम बनाउने विद्या

*बिहानदेखि बेलुकासम्म आमैका हातखुट्टा मसिन चलेजस्तै चलिरहन्थे । साउन भदौमा मकैबारीभित्र उखुम हुन्थ्यो । आमै हाँडीमा धानको भुस राखेर त्यसमाथि आगाको कोइला राखी किरा धपाउने जुक्ति गर्थिन् ।*



■ अर्चना थापा

उसका बुबालाई सबैले गाउँमा गोविन्द वैद्यको नामबाट चिन्थे । उनले मिर्जापुरका प्रख्यात गुनिया वैद्यको घरमा बसेर सेवा गर्दै त्रिदोष प्रणाली आयुर्वेदिक उपचार विद्या सिकेका थिए । रक्त, पित्त, कफ र वात सँगै रोगीको नाडी पढ्ने र आफै औषधी बनाउन सक्ने भएपछि आफू बुबा स्वदेश फर्के । उनको आफ्नो भन्ने कोही थिएन । एउटा गाउँमा घरजम गरेर बसे । उनको नाम टाढा टाढाका गाउँमा समेत चिनिने भयो । काल ज्वरोले उनकी श्रीमती लगेपछि उनी आफ्नी काखे छोरी वेदीलाई ढाकरमा बोकाएर टाढाका गाउँहरूमा उपचार गर्न पुग्थे ।

परदेशमा गुनिया वैद्यको चाकर बनेर वर्षौं हन्डर खाएर सिकेको विद्याले उनको जीविका राम्रै चलाएको थियो । उनले गोठालाहरूको झुप्रो भएको ऐँसेलु खर्कको डाँडोमा जग्गा किनेर त्यहाँ टिमुर, धुपी, अमला, असुरो, चिराइतो र औषधीको लागी चाहिने वनस्पतिहरू रोपेका थिए । कुनै बोटका फल, कुनैका पात, बोक्रा तथा जरा औषधी बनाउन चाहिन्थ्यो । बिस्तारै उनकी छोरी वेदीले बुबासित जडीबुटीका रङ, रूप, गन्ध, गुण र दोषका साथै बिरामीको नाडी छाम्ने विद्या सिक्दै गइन् । "गोविन्देकी छोरीको हातमा बाबा वैद्यनाथको बास छ" केहीले वेदीलाई वैद्य मान्न थालेका थिए ।

तर केहीले त वेदीको पिठ्युँ पछाडि कुरा पनि काट्थे, "आइमाई धेर बाठी हुँदा अनिष्ट हुन्छ । था' छ के, वेदीले त बोक्सी विद्या जानेकी छ रे ?" वेदीले टुनामुना गरेर बिगार गर्छे कि भन्ने डरले गाउँले अगाडि केही भन्न सक्दैन थिए ।

वेदी वैद्यनीको रूपमा चिनिँदै गएकी उनले झाडा बान्ताले निस्लोट भएको काखे बालखालाई ज्वानो र अरू जडीबुटीको धुलोसँग मह मिसाएर दिँदा चट्ट निको हुन्थ्यो । गर्मीयाममा खटिरा निस्केको जीउमा उनले सुन्तलाको बोक्राको धुलो र बेसारको मिश्रण लेपन गरेर निको पार्थिन् । पित्त ज्वरोले ढलेका बिरामीलाई अमला र बुटीको चूर्ण दिएर निको पार्थिन् । नाथ्रो फुटेका र पिनासले गलाएकालाई जङ्गली तुलसाको पातको रसमा अरू बुटीको धुलो मिलाएर दिँदा निको हुन्थ्यो । सुख्खा खोकी लागेको र छातीमा कफ जमेको तथा आउँ र पखालाले लस्त पारेका बिरामीलाई मात्रा जोखेर दिएको असुरोले निको पार्थ्यो । पेटको दुखाइले फत्र्याक फत्र्याक भएकालाई घोडताप्रे र ज्वानोको धुलोको मिश्रणले निको पार्थिन् । स्वास्थ्य चौकी नभएको गाउँमा उनै वैद्यनी आमैकै औषधीको भर थियो । उनी भन्थिन्, "यस्य देशस्य यो जन्तुः तस्यौषधं हितम्" अर्थात् जो व्यक्ति जहाँ जन्मन्छ उसको लागि त्यही ठाउँको हावापानी र माटोमा उब्जिएका अन्न र औषधी हितकारी हुन्छ ।

उनले बेला कुबेला गाउँमा पस्ने यमराजलाई कायल बनाएकी थिइन् । कोठाको भित्ते च्याकमा जडीबुटीका बट्टाहरू लहरै मिलाएर राखिएका हुन्थे । बिहानदेखि उनी जडीबुटी खोज्ने, केलाउने, धुने, काटेर घाममा सुकाउने, चूर्ण बनाउँदै बेग्ला बेग्लै बट्टामा राख्ने गर्थिन् । काफल, घोडताप्रे, जटामसी, गुर्जो, हर्रो, त्रिफला र थप जडीबुटी खोज्न आमै वनजङ्गल चहार्थिन् । उत्तिसका रूखमा पलाउने झार खोज्न, घँगारुको बुट्यानमा फलेका झारपात टिप्न र रूखका बोक्रा र हाँगामा पलाउने भ्याउ टिप्न उनी हँसिया र बोरा लिएर जङ्गलभित्र हराउँथिन् ।

उनी अग्ला रूखमा सजिलै चढ्थिन् । उनलाई जङ्गल संरक्षण गर्ने कर्मचारीले कहिले चेतावनी दिएजस्तो गर्थे भने कहिले नदेखेजस्तो गर्थे किनकि उनीहरू आफू बिरामी हुँदा आमैको ओखतीको भर थियो ।

धानलाई किराबाट कसरी जोगाउने, मकैका सूली र परालका टौवालाई किराबाट कसरी जोगाउने, घरमा तिहुन नहुँदा भान्साको जोहो कसरी गर्ने, मुसीको कपालमा जुम्रा पर्दा के गर्ने, रक्सी खाएर स्वास्नी ठटाउनेलाई कस्तो ओखती दिने आदि इत्यादि तरिका उनैलाई थाहा थियो । उनले बिरामीको नाडी छामेर व्यथा भेट्टाउन जानेकी थिइन् । बादलपारिका कुरा, पाताल मुनिका कुरा र आँखाले देख्ने र नदेख्ने जम्मै कुरा उनले जानेकी थिइन् ।

उनी सुस्केरा हालेर भन्थिन्, "रूख बिरुवालाई हुर्किन पहारिलो ठाउँ चाहिन्छ । लोग्ने स्वास्नीको नाता भनेको पनि त्यस्तै हो । न्यानो नपाउँदा ओइलिएर जान्छ ।"

उनले एक्लैले घर थामेकी थिइन् । सायद उनले आफ्नो मुटुलाई फलाम बनाउने विद्या जानेकी थिइन् ।

रिसाएको बेला आमैले आफ्नो लोग्नेलाई "मुसीका चमेरा बा" भने तापनि बाको वास्तविक नाम बटुकृष्ण भियो । उनी फुक्काफाल मस्त मान्छे ! न आजको चिन्ता, न भोलिको आशा ! उनी दुई जनाको मात्र कुरा सुन्थे- एउटा आफ्नो मनको र दोस्रो, आफ्नो गुरु बाबाजी मराजको । जब बाको मनले भन्थ्यो "हिँड" उनी सबै छाडेर खुरुक्क हिँड्थे । जब बाको मनले घर फर्किन भन्थ्यो उनी खुरुक्क घर फर्किन्थे ।



*बा बेपत्ता भएको दुई दिनपछि बल्ल थाहा भयो, आमैले वर्षभरि मह काढेर जोगाएको र बोयर खसी बेचेर जम्मा गरेको रकम पनि बाको साथ लागेर हिँडेछ । दिनरात नभनी हाड घोटेर जम्मा गरेको पैसा बासितै हराउँदा आमैले गुनासो गरिनन् ।*

बा महिनौँ बाबाजीसित हिँड्थे । घर फर्किँदा शिवबूटीले लट्ठिएका आँखामा आँसु टिलपिलाउँदै उनी आमैको अघि किरिया खान्थे । सुध्रिने बाचा गर्थे, "सत्य धरोधर्म, म अब आश्रम जान्न । घरै बस्छु । जति धर्मकर्म गर्नु थ्यो, गरिसकेँ । अब पुगो । अब कहिले जान्न ।" तर उनको मनमौजी चाला र आमैसित गर्ने बाचाबिच तालमेल कहिले मिलेन । बालाई बाबाजीको मोहनीले तानेपछि उनी आफ्नो बाचा हार्थे र घरबाट हराउँथे ।

बाले सुनेअनुसार हिमाञ्चलको एउटा सभ्रान्त परिवारमा जन्मेका सिद्ध कुमारले आफ्नो घर परिवार, मोहमाया सबै त्यागेर हिँडेपछि बाबाजी महाराज नाम पाएका थिए । शिवरात्रिको बेला नेपाल पसेका उनलाई नेपाल मन पर्‍यो र यतै बस्ने निर्णय गरे । एक ठाउँमा धेरै दिन नटिक्ने बाबा नेपाल सरकार नपुगेका कुना कन्दरासम्म पुगेका थिए रे ! उनी कहिले भोकै हिँड्थे । कहिले रूखमुनि बस्थे । उनले घाम, पानी तथा हुरीबतासलाई समभावले स्विकार्थे । दुधपोखरी, सोलुखुम्बुका भक्तालुहरूले उनको लागि आश्रम बनाए । एक ठाउँमा नटिक्ने बाबाजीको त्यो आश्रम भक्तजन भेट्ने ठाउँ बन्न पुग्यो । साँझपख भक्तहरू आश्रममा जम्थे । धुनी लगाउँथे । अध्यात्मका कुरा र शिवबुटीमा रमाउँथे ।

आमैका लागि उनला लोग्ने छोरीका 'चमेरा बा' थिए । बाका लागि बाबाजी नै परमेश्वर थिए । उनी जब छरपस्ट कपाल, झुस्स दारी र ह्वास्स गनाउने शिव बुटीको गन्धमा लुटपुटिएर घर पस्थे अनि लाग्थ्यो, आमैले अगुल्टोले हान्छिन्, "त्यै अघोरीसित घरजम गरे हुन्छ नि । किन ह्याँ आउनु पर्‍यो ?"

आमै भरभराउँदो आगो हुन्थिन् ।

"आमै, बालाई नकराउनुस् न...।" त्यतिबेला उसलाई बाको औधी माया लाग्थ्यो ।

"तिम्रो कस्सम ! यो पालि नफर्किने गरी आ'को छु । कतै जान्न । तिम्रो मासु खाने... धरोधर्म...।" टाउको निहुराएर पिर्कामा बसेका बा मूलाको चानाको पिरो झोलसित मकैको च्याँख्ला मुछ्दै कस्सम खान्थे ।

एक छिनमा आमैको अनुहार धपक्क बल्थ्यो । बाको कसममा इमान छैन भन्ने बुझे पनि सायद आमैलाई लाग्दो हो, "गाउँलेले घरज्वाइँ भन्दै खिसी गर्छन् अनि त मुसीका बा घर बस्दैनन्.. ", आमैको मन बातिर अलिकति ढल्किन्थ्यो होला तर केही हप्तापछि बा फेरि चमेरा बा भई हराउँथे ।

बिहान दुबोमाथि टुपुक्क बसेका मोती दानाजस्ता शीतका थोपा देखेर उसले आमैलाई सोधेकी थिई, "आमै, यो बिलाउने मोती काँबाट आउँछन् ?" आमैले सुस्केरा हालेर भनेकी थिइन्, "मेरी आमाले माथिबाट मेरा दुःख देख्दै छिन् । यी उनका आँखाबाट बगेका आँसुका दाना हुन् ।"

"पानी पकाएर बाक्लो हुँदैन, लोग्ने फकाएर आफ्नो हुँदैन," भन्दै आमा चुप लाग्थिन् ।

आमैको सम्झनाले उसलाई अर्को एउटा घटना सम्झायो...

कार्तिकको महिना थियो । आमै आँगनमा सुकाएका दाउराका मुढा चिर्दै थिइन् । बा बिराला चालामा आएर पछाडि उभिँदा आमै नराम्ररी झस्केकी थिइन् । "राति मात्र घरको बाटो चिन्ने मुसीका चमेरा बा आज कताबाट उज्यालोमा झुल्किए ? ...हँ.. के भयो ?" आमैले आफैसँग गुनासो पोखेकी थिइन् । बाले भित्तामा छाता ठड्याए र आँगनमा थचक्क बसे । बुद्धि बङ्गाराको दुखाइले बालाई दुखाएको रहेछ । दाहिने गाला सुन्निएर आरुबखडा बनेको थियो । आमैको मन दुखाइरहने बालाई जब बङ्गाराको दुखाइ असह्य भयो अनि आमैकै शरणमा आउनुपरेको रहेछ ।

बाको समस्या सुनेर आमै बारीमा पुगिन् । लटरम्म फलेका टिम्मुरको बोटबाट पाकेर राता भएका गेडाहरू लौरोले झारिन् । भुइँमा झरेका टिम्मुर पखालेर जडीबुटी कुट्ने खलमा थ्याच्च... थ्याच्च थिच्दै लेदो बनाइन् । त्यो लेदोलाई बाको बङ्गारामा राख्दा बल्ल बालाई दुख्न कम भएको थियो । बङ्गाराको दुखाइले बालाई केही दिन घरमा थाम्यो । आमै बिहान मनतातो पानीमा एक चम्चा फिटकीरी, मरीच र कागतीको रस निचरेर बालाई कुल्ला गर्न दिन्थिन् । गिलो जाउलो खान दिएर पछि फिटकीरीको धुलो राखेको कपास दुखेको बङ्गाराले च्याप्न लगाउँथिन् ।

दुखाइ हराएपछि बा पनि हराए ।

बा बेपत्ता भएको दुई दिनपछि बल्ल थाहा भयो, आमैले वर्षभरि मह काढेर जोगाएको र बोयर खसी बेचेर जम्मा गरेको रकम पनि बाको साथ लागेर हिँडेछ । दिनरात नभनी हाड घोटेर जम्मा गरेको पैसा बासितै हराउँदा आमैले गुनासो गरिनन् । रित्ता आँखाले रित्तो थैली छामेर मात्र बसिन् । दोस्रो दिन बिहानै भालेको डाँकसँग दैलो उघारिन् । पानी ओसारिन् । आँगन बढारिन् । उनले गाई र बाख्रालाई अघाउञ्जेल घाँस दिइन् । खेताला खोज्न गइन् । बिरामी हेरिन् । कुलोमा पानी मिलाइन् । उनले आफ्ना गुनासाहरूलाई कामका भारीमुनि लुकाउन जानेकी थिइन् ।

बिहानदेखि बेलुकासम्म आमैका हातखुट्टा मसिन चलेजस्तै चलिरहन्थे । साउन भदौमा मकैबारीभित्र उखुम हुन्थ्यो । आमै हाँडीमा धानको भुस राखेर त्यसमाथि आगाको कोइला राखी किरा धपाउने जुक्ति गर्थिन् । जाडोमा अगेनाको छेउमा सुत्नुपर्दा आगोले पोल्ने डरले आमै रातभरि राम्ररी सुत्न सक्दिन्थिन् । के आमैले आफ्नो मन फलामको बनाएकी थिइन् ? उसलाई आमै र बाको याद आउन थाल्यो । आमैले आफ्नो सिप र ज्ञानले गृहस्थी थामेकी थिइन् । उनलाई न मुसीका चमेरा बासित कुनै आशा थियो, न लोग्ने टाढिन्छ भन्ने डर थियो । उनलाई मुसीका चमेरा बासित न कुनै अपेक्षा थियो, न गुनासो थियो । बरु आमैलाई जङ्गलका रुख बिरुवा र लेक-बेसीका झारपात र जडीबुटीको आशा थियो । के ऊ आमै जस्ती हुन सक्छे ?

**अग्निगर्भाबाट**

कविता

## हराएको चौतारी र उज्यालोको खोज



**याम बहादुर थापा मगर**

पैतालामा चिरा चिरा पारेर,
टाउकोमा नाम्लोको डाम बोकेर,
उकाली ओराली दौडिएको थियो
बेसाहा खोज्न डाँडापारिको गाउँमा भरिया दाइ ।

त्यो बिसौनी चौतारीमा कहिल्यै नभएको यात्रा हुन्थ्यो,
वरिपरि बटुवा, लाहुरे, किसान, गाई झत्ती,
र वर पिपलको ओटमा सुनिन्थ्यो गाउँको कथा ।
आज त्यो चौतारी हरायो ।
भत्किएको छ, माटोमा मिसिएको स्मृति जस्तो ।

तर वर पिपल अझै उभिएको छ,
पर्खिरहेको छ ।
फेरि कसैले आउँला कि भनेर
ज्ञानको कुरा, संस्कृतिको सास लिएर ।

कहिले होला त्यो बिहान,
जब गाउँका गल्लीहरूमा फेरि गीत गुन्जिएला,
बालबालिकाले संस्कृतिको अक्षर पढ्नेछन्,
कलाले घर-घर उज्यालो पार्नेछ ।

नेपाली माटोमा फेरि फक्रियोस् त्यो सोच
चौतारी भत्किए पनि चेतना नभत्कोस्
हाम्रो पहिचान, हाम्रो गौरव,
फेरि बाँचोस्,
फेरि उज्यालो बनोस् ।

कविता

## के गर्‍यौ जेनजी तिमीले ?



**गणेश लोहनी**

गर्जिएका बाघका निर्भीक डमरु गर्जन
स्याल हुईयाँको कोकोहोलोमा
अनुवाद हुँदै गरेको देख्दा
डर लाग्छ
कतै डमरु स्यालमा कायापलट भई
गिद्धहरूसँगै सिनो लुछ्दै गरेको
हेर्दै भन्नुपर्ने त होइन ?
के गर्‍यौ जेनजी तिमीले ?
हामी कौतुहलता साथ
जसलाई तिलस्मी कथाका नायक मानेर
परिवर्तनको बेदीमा
उज्यालो भविष्यका
रेखी हाल्दै मङ्गल धुनका साथ
जेनजी युगको मधुमास भित्र्याउन
व्यग्रतापूर्वक प्रतीक्षारत छौँ
उनै नायक हातमा
खल उपसर्गको
वैशाखी लिएर
उभिएका लाञ्छनाले
मिडियाका क्यानभास
रङ्गिएको देख्दा भन्न मन लाग्छ
के गर्‍यौ जेनजी तिमीले ?
जोसँग शकुनि युगको
पासा पल्टाउने
आशा राख्यौँ
जसलाई सम्झौताहीन
ऋषि दुर्वासा ठान्यौ
जसलाई युगले
विकृति विसङ्गति ध्वस्त पार्ने
हतियार ठान्यो
उसैलाई  राष्ट्रघातका मतियार
बुख्याचा बनाएर
सञ्चारका भित्ता रङ्गिँदा
तिम्रो शौर्य शूर वीरता
सहादत के क्षणिक उत्तेजना
अन्धोन्माद
उक्साहट मात्र थियो त ?
सोध्न मन लाग्छ
परिवर्तनको लागि
तिमीले बगाएको
रगतको अवमूल्यनको मौका
शकुनि तन्त्रलाई
दिने को हो ?
लोकका मनमा
पलाउँदै गरेको
आशामा निराशाको
तुसारापात ओहो !
के गर्‍यौ जेनजी तिमीले ??

# परम्परा जोगाउने तर्खगालको वनभात

आफ्नै कुरा...



■ नवराज न्यौपाने

*वनभात केवल परम्परागत उत्सव मात्र होइन, यो पुस्तालाई जोड्ने पुल हो, संस्कृतिलाई जोगाउने अभियान हो, महिला शक्ति, आत्मीयता र सामूहिक एकताको प्रतिमूर्ति हो । तर्खगालका महिलाहरूले इतिहासलाई जोगाइरहनुभएको छ, भविष्यलाई दिशा देखाइरहनुभएको छ ।*

आधुनिक चमक-दमकका बिच पुराना संस्कृतिहरू छायामा हराउँदै गएका छन् । सहरी जीवन हाम्रा परम्पराभन्दा धेरै पर पुगिसकेका छन् । पछिल्लो पुस्ताले हाम्रो विगत के थियो भन्ने नै थाहा नपाउने अवस्था भएको छ । एकातिर मानिसहरूले परम्परागत उत्सवलाई त्यागेका छन् भने अर्कोतिर सामूहिकताको विश्वास हराउँदै गएको छ । सहर, मानिसहरूको जमघट त छ तर यहीँ मानिसहरू एक्लै पनि छन् ।

तर, यस्तोमा सूर्य विनायक नगरपालिका-४, तर्खगालका महिलाहरू भने परम्परालाई जोगाउने अभियानमा उभिएका छन् । उनीहरूले परम्परालाई धान्ने गरी विभिन्न कार्यक्रम गर्दै आएका छन् । यहाँ तर्खगालका महिलाहरूले जोगाएको 'वनभात खाने कार्यक्रम'लाई स्मरण गरिएको छ ।

यस पटक पनि तर्खगालका महिलाहरू सामूहिक रूपमा जुटेर तर्खगाल छेउको हरियाली जंगलमा 'वनभात खाने कार्यक्रम' साँच्चिकै भव्य रूपमा सम्पन्न गरेका छन् । यो केवल एउटा भोज थिएन, यो प्रकृतिको सामिप्यमा हुर्किएको संस्कार, सामूहिकता र रैथाने गौरवको अद्वितीय उत्सव थियो ।



बिहानको हुस्सुले वनपाखा ढाकिएको बेला विभिन्न पोसाकमा (गुन्यू-चोली, रातो-हरियो कुर्ता-सुरुवाल) सजिएर तर्खगालका आमा-काकी, दिदी-बहिनी, भाउजू-बुहारीहरू गुनगुनाउँदै जंगलको छेउमा जुटे । बिहानको समय कसैले दाउरा बटुल्दै, कसैले पात-पातको थलो मिलाउँदै, कसैले भाँडा-कुँडा सिँगार्दै, अनि कोही परिकारको तयारी गर्दै । सबैको अनुहारमा झल्किएको उत्साह आफैंमा एक अलग ऊर्जा । दाउराको चुलो तात्न थाल्यो, धुवाँ जंगलभरि तैरियो र सँगै हाँसो-ठट्यौली पनि फैलियो । 'घरको भान्छाभन्दा वनभातको खाना त अर्कै स्वाद आउँछ नि !' एक काकीको त्यो भनाइसँग सबैले टाउको हल्लाएर सहमति जनाए । त्यो दृश्य हेर्दा यस्तो लाग्थ्यो- चुलो मात्र तातेको होइन, आधुनिकताले छायामा पार्न खोजिरहेको परम्पराको आत्मासमेत फेरि उज्यालोमा उदाइरहेको छ ।

यस उत्सवले वनभात खाने संस्कृतिको गहिरो अर्थ फेरि सम्झाइदिएको छ । बिर्सिँदै गएका नेपाली रैथाने परम्परालाई महिलाहरूले आफ्नै मेहनत र समर्पणले पुनर्जीवन दिइरहेका छन् । सामूहिक रूपमा बसेर पकाएको र खाएको भोजनले 'साथमा बसेर खायौँ भने दुःख-सुख आधा हुन्छ' भन्ने जीवन सूत्र फेरि अनुभव गराएको छ ।

हुन पनि सहरको धुलो-धुवाँ र दौडधुपबाट टाढा पारिजातको सुगन्ध, वन पाखाको चिसो हावा र प्रकृतिको सान्निध्यमा बिताएको क्षणले मन, मस्तिष्क र आत्मामा अनुपम ताजगी गराउँछ । नाच, गीत र रमाइला कुराकानीसँगै सबैको मनमा नयाँ ऊर्जा जगाउँछ, सम्वनध झनै प्रगाढ वनाउँछ र समुदायको आत्मीयता पनि थप मजबुत वनाउँछ ।

परम्परालाई जोगाउने तर्खगालका महिलाहरू साँच्चिकै सच्चा सलामका योग्य छन् । वनभात केवल परम्परागत उत्सव मात्र होइन, यो पुस्तालाई जोड्ने पुल हो, संस्कृतिलाई जोगाउने अभियान हो, महिला शक्ति, आत्मीयता र सामूहिक एकताको प्रतिमूर्ति हो । तर्खगालका महिलाहरूले इतिहासलाई जोगाइरहनुभएको छ, भविष्यलाई दिशा देखाइरहनुभएको छ । तर्खगालका महिलाहरूले मौलिक पहिचानलाई सुरक्षित राख्दै समृद्ध, एकताबद्ध र संस्कृतिमय समाज निर्माणमा अमूल्य योगदान दिइरहनुभएको छ ।

प्रतिनिधि सभा निर्वाचन

# कांग्रेस काठमाडौं–१ बाट आचार्यको नाम सिफारिस

**काठमाडौं/मस–** नेपाली कांग्रेस काठमाडौं क्षेत्र नम्बर १ बाट प्रतिनिधि सभा निर्वाचनका लागि प्रत्यक्षतर्फ नेता बाबुराम आचार्यको नाम सिफारिस गरिएको छ। आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनका लागि प्रत्यक्षमा आचार्यको नाम नेता प्रकाशमान सिंहसँगै सिफारिस भएको हो ।



शुक्रबार नेपाली कांग्रेस क्षेत्र नं.१ का सभापति रविन्द्र विक्रम राणाले प्रतिनिधि सभा तथा राष्ट्रिय सभा निर्वाचनका लागि विभिन्न व्यक्तिको नाम सिफारिस गरेका हुन् ।जेनजीलाई पनि मिलाएर लाने, जस्तोसुकै परिस्थितिलाई पनि सम्हाल्न सक्ने लोकतन्त्रका लागि प्रतिबद्ध उनीजस्तो शिक्षित र विकासप्रेमी युवा नेतालाई कांग्रेसले टिकट दिए विजयी हुने निश्चित रहेको स्थानीय कांग्रेसजनले बताएका छन् ।

पटक-पटक मन्त्री बनेका प्रकाशमान सिंहले पार्टी र देशका लागि काम गर्न नसकेको भन्दै आलोचना भइरहेका बेला विभिन्न संस्थाबाट समाजसेवामासमेत सक्रिय युवा नेता आचार्यको प्रतिनिधि सभा निर्वाचनका लागि प्रत्यक्षतर्फ नाम सिफारिस भएसँगै काठमाडौं कांग्रेसमा हलचल मच्चिएको कांग्रेसका युवा नेता सागर भट्टराईले बताए। नेता आचार्यले पत्रकारिता र राजनीति शास्त्रमा स्नातकोत्तर गरेका छन् ।

अढाई दशकदेखि नेपाली कांग्रेसमा सक्रिय आचार्य पार्टीभित्र गुट उपगुटभन्दा पनि लोकतन्त्र, देश र जनताका लागि असल भएको नेपाली कांग्रेसलाई आगामी निर्वाचनमा बहुमत प्राप्त पार्टी बनाउनुपर्ने धारणा राख्छन् ।

अधिकांश नेपाली कांग्रेस नेताहरूले शिक्षा स्वास्थ्य निःशुल्क गर्न नसकिने बताउँदा शिक्षा र स्वास्थ्य निःशुल्क गर्न सकिने र मुलुक विकासको पहिलो काम नै शिक्षा स्वास्थ्य निःशुल्क गरेपछि हुने उनको दाबी छ । समानुपातिक, प्रदेश संरचना, जातीय राजनीति खारेज गर्नुपर्ने उनको तर्क छ ।

जेनजी आन्दोलनपछि मनोबल घटेका शीर्ष नेताहरुलाई समेत मिलाएर लाने क्षमता राख्ने नेता आचार्यले नेपाली कांग्रेसका संस्थापक समेत रहेका सन्त नेता, पूर्व सभापति स्व.कृष्णप्रसाद भट्टराईसमेते प्रतिस्पर्धा गरेको काठमाडौं क्षेत्र नम्बर १ प्रत्यक्षतर्फबाट टिकट पाउन भने चुनौती नै छ।

एमाले ११औं महाधिवेशन

# केन्द्रीय सदस्यमा विश्वकर्माको दाबेदारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ मंसिर

नेकपा (एमाले)को ११औं राष्ट्रिय महाधिवेशनमा लमजुङका हिरालाल विश्वकर्माले उम्मेदवारी दिने भएका छन् । प्रतिनिधि छनौटमा सर्वसम्मत नभएपछि दलित क्लष्टरबाट झण्डै ८० प्रतिशत मत ल्याएर उनी प्रतिनिधि छनौट भएका थिए ।



२०६० सालमा अनेरास्ववियुको प्रारम्भिक कमिटीको अध्यक्ष भइ राजनीति सुरू गरेका विश्वकर्माले २०६३ देखि २०६५ सम्म अनेरास्ववियु लमजुङको जिल्ला अध्यक्ष भएका थिए । अध्यक्ष हुँदा सबैजसो क्याम्पस र विद्यालयहरु संगठन विस्तार गर्ने, विद्यालय/क्याम्पसहरुमा गरिने अनावश्यक शुल्क वृद्धिविरुद्धमा आवाज उठाउने, दैनिक उपभोग्य वस्तुमा सरकारले गरेका मूल्य वृद्धि लगायतका विषयमा विरोध प्रदर्शन गर्नुका साथै अनेरास्ववियुलाई वैचारिक, सांगठनिक हिसाबले बलियो र मजबुँद बनाउन लागि परेका थिए ।

विश्वकर्मा २०६६-२०६७ मा अनेरास्ववियुको तत्कालिन गण्डकी अञ्चलको सचिव, २०६७ देखि २०७० अनेरास्ववियुको केन्द्रीय सदस्य हुँदै अञ्चल संयोजक समेत भएर काम गरेका थिए ।

२०७९ सालमा हिमताल बिष्फोट भइ सेती नदीमा आएको बाढीले ठुलो धनजनको क्षति हुँदा विश्वकर्माको नेतृत्वमा राहत संकलन अभियान सञ्चालन, गण्डकीका सबै जिल्लामा शैक्षिक पुनर्संरचना सम्बन्धी कार्यक्रम, सार्वजनिक यातायातमा विद्यार्थी सहुलियत ३३ बाट ४५ प्रतिशत पुऱ्याउने अभियान, संगठन सुदृढीकरण तथा युवा विद्यार्थीहरुमा माझ वैचारिक प्रशिक्षण लगायतको कार्यले नेता कार्यकर्ता सबैको मन जित्न सफल भएका थिए ।

यि र यस्तै कामका कारण अनेरास्ववियुको २०७० सालमा भएको महाधिवेशनमा १४ अञ्चलमै उत्कृष्ट संयोजक भनि घोषित समेत भएका थिए ।

विश्वकर्माले २०६८ देखि २०८० सम्म १२ वर्ष जिल्ला कमिटी सदस्य भइ काम गरे भने २०८० असोजमा भएको गण्डकी प्रदेशको पहिलो अधिवेशनमा ४० वर्ष मुनिको क्लष्टरबाट प्रदेश कमिटी सदस्यमा उम्मेदवारी दिइ १० जनामध्ये उत्कृष्ट २ जनाभित्र मत प्राप्त गरी हाल नेकपा (एमाले) गण्डकी प्रदेश कमिटी सदस्यको रुपमा कार्यरत छन् ।

आफ्नो राजनीतिक यात्रासँगै अध्ययनलाई पनि सँगसँगै अगाडि बढाएका विश्वकर्माले समाजशास्त्रमा एम.ए स्नातकोत्तर गरेका छन् भने एलएलबी कानुन संकायमा स्नातक समेत गर्दैछन् ।

भिजिट भिसा प्रकरण

# सहसचिव भट्टराई २५ लाख धरौटीमा रिहा

**काठमाडौं/मस–** भ्रष्टाचार र सम्पत्ति शुद्धीकरण मुद्दाका प्रतिवादी सहसचिव तीर्थराज भट्टराई धरौटीमा रिहा भएका छन् ।



विशेष अदालतले मागेको २५ लाख धरौटी बुझाएर उनी रिहा भएका हुन् । अख्तियारले भट्टराईसहित ७ जनालाई प्रतिवादी बनाएर भ्रष्टाचार मुद्दा र उनीसहित तीनजनाविरुद्ध सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा दायर गरेको थियो। भ्रष्टाचारमा ७९ लाख ८० हजार र सम्पत्ति शुद्धीकरणमा १ करोड ३ लाख ७९ हजार ६ सय रुपैयाँ बिगो कायम गरी मुद्दा दायर गरिएको थियो ।

अख्तियारले भट्टराईलाई नियन्त्रणमा लिएर मुद्दा अदालत पुऱ्याएको थियो। त्यसको भोलिपल्टै शुक्रबार विशेष अदालतका अध्यक्ष सुदर्शन देव भट्ट र सदस्य नारायणप्रसाद पौडेलको इजलासले भट्टराईलाई धरौटीमा छाड्न आदेश दिएको थियो । तर न्यायाधीश दिल्लीरत्न श्रेष्ठले भने पुर्पक्षमा पठाउनुपर्ने फरक राय दिएका थिए । तर बहुमत न्यायाधीशको इजलासले दिएको आदेशबमोजिम भट्टराई तोकिएको धरौटीअनुसार बैंक ग्यारेन्टी बुझाएर रिहा भएका हुन्।

### सर्वेक्षक र कार्यालय सहयोगीविरुद्ध आरोपपत्र

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नापी कार्यालय पर्साका सर्वेक्षक रामप्रमोद राउत र कार्यालय सहयोगी अरुणप्रसाद उपाध्यायलाई घुस (रिसवत) लिई भ्रष्टाचार गरेको अभियोगमा शुक्रबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको छ ।

आयोगको टोलीले गत मंसिर २ गते दुवै जनालाई एक लाख घुस/रिसवतसहित पक्राउ गरेको थियो । आयोगका सहायक प्रवक्ता गणेशबहादुर अधिकारीले अनुसन्धानको सिलसिलामा नापी कार्यालयका सर्वेक्षक राउत र कार्यालय सहयोगी उपाध्याय समेतको आपसी मिलेमतोमा तथा योजनामा वीरगञ्ज महानगर-२५ स्थित कित्ता नम्बर ५५ क्षेत्रफल ०००६४ वर्गमिटर जग्गा छुट जग्गा दर्ता गर्न सहजीकरण गरिदिने भन्दै सेवाग्राहीसँग १ लाख घुस माग गरी लिएको स्थापित भएको भन्दै भ्रष्टाचारको कसुरमा आरोपपत्र दायर गरेको जानकारी दिए। आयोगले दुवै जनालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो १ लाख कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय हुन मागदाबी गरेको छ ।

# श्रमिकलाई निःशुल्क स्वास्थ्य परीक्षण गराउँदै एनसिसी कतारले मनायो स्थापना दिवस

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २६ मंसिर



गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् (एनआरएनए एनसीसी) कतारले २३औं स्थापना दिवस मनाएको छ। नासिम मेडिकल सेन्टरसँगको सहकार्यमा कतारमा रहेका ३ सय ८६ जना नेपाली श्रमिकको निःशुल्क स्वास्थ्य परीक्षण गर्दै एनसिसी कतारले शुक्रबार स्थापना दिवस मनाएको हो ।

अस्पतालका विशेषज्ञ चिकित्सकहरूद्वारा रक्तचाप, सुगर, कोलेस्ट्रोल, बिएमआई परीक्षण, दन्त परामर्श तथा आधारभूत स्वास्थ्य परीक्षणका साथै सामान्य चिकित्सकीय परामर्श प्रदान गरिएको थियो ।

संघका अध्यक्ष कृष्ण पन्थीका अनुसार श्रमिकको बाक्लो उपस्थिति रहेका कारण सबैको स्वास्थ्य परीक्षण गर्न समस्या भएपछि कुपन वितरण गरीएको थियो । यही वर्षको अन्त्यसम्ममा निःशुल्क परीक्षण गर्नेगरी करिब १ सय ८५ जनालाई कुपन वितरण गरिएको छ। नासिमसँग एनसीसी कतारले गरेको सम्झौता अनुसार एनसीसीको सदस्यता लिएका देखि कतारमा रहेका आम नेपालीले नासिमबाट प्रदान गरिने सेवा सुविधामा कम्तीमा २५ प्रतिशत छुट पाउनेछन् ।

शुक्रबार बिहान ७ बजेदेखि सुरु भएको कार्यक्रम ११ बजेसम्म चलेको थियो । कार्यक्रममा एनआरएनएका अभियन्ता, विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिसहित विभिन्न व्यक्तित्वहरू पुगेका थिए । स्थापना दिवसको केक काटेर सुरुवात गरिएको कार्यक्रममा कतार रेडक्रसमार्फत नेपाली समुदायलाई प्राप्त उपहार समेत वितरण गरिएको थियो ।

# अपांगता भएका व्यक्तिका परिवारलाई सहयोग

**मोरङ/मस–** मलेसियामा व्यवसाय गर्दै आएका राज लामाले मोरङको बेलबारी नगरपालिका-६ का कैला खवासको परिवारलाई खाद्यान्न, जाडोको लुगा तथा आर्थिक सहयोग हस्तान्तरण गरेका छन् ।



परिवारका सबै सदस्य अपाङ्ग भएको र कठिन परिस्थितिमा परेको थाहा पाएपछि लामा स्वयं घरमै पुगेर सहायता उपलब्ध गराएका हुन् ।सहयोग वितरणका क्रममा निवर्तमान वडाध्यक्ष उदय राई, समाजसेवी नीरबहादुर तामाङ, पुष्कर शर्मा र कविता गुरुङको सक्रिय उपस्थिति रहेको थियो । त्यस्तै प्रत्यक्ष आर्थिक सहयोग गर्ने स्थानीय युवा टंक खड्का र प्रकाश गिरी तथा नगद सहायता उपलब्ध गराउने राजु मगरप्रति लामाले आभार व्यक्त गरेका छन् ।

अपाङ्गता भएका परिवारले संघीय सरकारबाट सीमित भत्ता पाए पनि स्थानीय तहबाट आवश्यक ध्यान नपाएको गुनासो गर्दै आएका छन्। यो विषयमा समाजसेवी लामाले स्थानीय निकायलाई जिम्मेवारीपूर्वक पहल गर्न आग्रह गर्दै भने, 'स्थानीय सरकारले कम्तीमा पनि घरमा बत्ती जडान गर्ने कदम चाल्ने विश्वास छ।'

मानवीय सहयोगलाई निरन्तरता दिने संकेत गर्दै लामा भन्छन्,'सहयोग धनले होइन, मनले गरिन्छ। यस अभियानमा साथ दिने सबैलाई धन्यवाद ।'

# 'कर्मचारी र जनप्रतिनिधि मिलेर पालिकालाई अब्बल बनाउँछौं'

**सूर्यप्रसाद भुसाल**
अर्घाखाँची, २६ मंसिर

अर्घाखाँचीको छत्रदेव गाउँपालिकामा हालै सरुवा भइ आएका प्रमुख प्रशासकीय अधिकृत बासुदेव खनालले नागरिकका काममा कार्यालय समयबाहेक पनि सहज र छरितो सेवा दिने प्रतिबद्धता जनाएका छन्।



गाउँपालिकामा आयोजित स्वागत कार्यक्रममा बोल्दै खनालले भने,'हामी कर्मचारीले आफ्नो जिम्मेवारीका लागि सुत्ने बेला पनि कार्यालयको कामबारे सोच्नुपर्छ। म यही जिल्लाको नागरिक पनि हुँ, गरेर देखाउने प्रतिबद्धता व्यक्त गर्दछु । जनप्रतिनिधिसँग समन्वय गर्दै नियमित काम अघि बढाउन म कर्मचारी साथीहरूलाई आग्रह गर्दछु ।'

खनालले छत्रदेव भौगोलिक तथा सामाजिक रूपमा सन्तुलित पालिका भएको उल्लेख गर्दै कर्मचारीको टिम र जनप्रतिनिधिको टिम मिलेर परिणाममुखी काम गर्ने प्रतिबद्धता जनाए। उनले भने, 'हाम्रो कामले छत्रदेवको सफलतामा निर्धारण गर्छ । जागिरकै लागि होइन, गर्व गर्नलायक काम छत्रदेवमा गर्नुपर्छ । सुशासन, पारदर्शिता र मुस्कानसहितको सेवा नै मेरो प्राथमिकता हुनेछ ।'

स्वागत समारोहमा छत्रदेव गाउँपालिका अध्यक्ष चन्द्रमान श्रेष्ठले प्रमुख प्रशासकीय अधिकृत खनाललाई बधाई दिँदै स्थानीय नागरिकका आशा, अपेक्षाहरू बुझेर सीमित स्रोत-साधनबीच असिमित आवश्यकताहरू पूरा गर्नुपर्ने जिम्मेवारी जनप्रतिनिधि तथा कर्मचारीका लागि चुनौतीपूर्ण रहेको बताए ।

उनले राष्ट्रसेवक कर्मचारीले सरल, सहज, छिटोछरितो र पारदर्शी सेवा प्रवाहमा महत्वपूर्ण भूमिका खेल्नुपर्नेमा जोड दिए । अध्यक्ष श्रेष्ठले भने, 'युवा जोश र जागरका साथ अन्य ठाउँमा गरेका अनुभव उपयोग गर्दै अघि बढ्नुहुनेछ भन्ने विश्वास छ । छत्रदेव गाउँपालिका देशकै उत्कृष्ट गाउँपालिकामध्ये एक हो, हामीलाई सधैं नागरिकले नियालेर हेर्छन् । नागरिकलाई कुनै बहानामा दुःख दिने, पैसा लिने, ढिलासुस्ती गर्ने कार्य उचित हुँदैन । यस्तो गुनासो नआउने गरी काम भइरहेको छ, अब अझै सुधार गर्दै अघि बढ्न अनुरोध गर्दछु ।'

उनले जनतालाई मुस्कानसहित सेवा दिन कर्मचारी र जनप्रतिनिधि एकजुट हुनुपर्ने उल्लेख गर्दै बसाइँसराइ र विदेश पलायन रोक्न रोजगारीमुखी काम गर्न स्थानीय सरकारले पहल गर्नुपर्ने बताए । गाउँमा युवाको कमी तथा बाँदर-बदेलेका समस्या समाधानका लागि थप प्रयास आवश्यक रहेको उनको भनाइ थियो ।

अध्यक्ष श्रेष्ठले आर्थिक विकास र रोजगारीका कार्यक्रम अघि बढाएर छत्रदेवलाई समृद्ध गाउँपालिका बनाउने लक्ष्य पनि प्रस्तुत गरे ।

कार्यक्रममा उपाध्यक्ष मनि पन्थीले स्वागत गर्दै कर्मचारी तथा जनप्रतिनिधिबीच एकता र समन्वय अहिलेको मुख्य आवश्यकता भएको बताइन् । उनले नवआगन्तुक प्रमुख प्रशासकीय अधिकृतबाट कुशल नेतृत्वको अपेक्षा गरिएको उल्लेख गर्दै सबै मिलेर छत्रदेवको विकासमा योगदान गर्नुपर्ने धारणा राखिन् । नेपाल सरकारको शाखा अधिकृतका रूपमा विभिन्न मन्त्रालय-विभागमा जिम्मेवारी बहन गर्दै आएका बासुदेव खनाल शहरी विकास मन्त्रालयबाट प्यूठानको गृहजिल्ला अर्घाखाँचीको छत्रदेव आइ प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्हाल्न पुगेका हुन्। कार्यक्रममा गाउँपालिकाका प्रवक्ता कमल पौडेल, वडाध्यक्षहरू काजिवावु ज्ञवाली, शंकर पाण्डे, तेजुराम खनाल, भीमलाल पराजुली, बालकृष्ण पोखरेल, नारायण पाण्डे, भीष्म कुँवर, स्वास्थ्य शाखा प्रमुख बुद्धि न्यौपाने, अधिकृत शिव बर्मा, तुल्सी न्यौपाने, इन्जिनियर साजन पाण्डेसहित अन्यको उपस्थिति रहेको थियो ।

# स्रोत नखुलेको ११ लाख बढी नगदसहित एक जना पक्राउ

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २६ मंसिर



रौतहटको मौलापुर नगरपालिका-३ स्थित लालबकैया बाँध क्षेत्रबाट स्रोत नखुलेको ११ लाख ४७ हजार रुपैयाँसहित एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ। नियमित चेकजाँचका क्रममा शंकास्पद रूपमा भेटिएको रकमसहित उनलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

पक्राउ पर्ने व्यक्ति बारा जिल्लाको सिमरौनगढ नगरपालिका-११ भवानीपुरका ३६ वर्षीय मुन्नाप्रसाद जैसवाल रहेका छन् । शुक्रबार बिहान करिब १०:२० बजे हरनैयाबाट देवाहीतर्फ जाँदै गरेको म.प्र.-०३-०३३ प ३११० नं.को मोटरसाइकल रोकेर खोजतलासी गर्दा उक्त रकम फेला परेको प्रहरीले बताएको छ ।

मोटरसाइकलको लेगाडमा राखिएको झोलाबाट नगद बरामद भएपछि जैसवाललाई मोटरसाइकलसहित नियन्त्रणमा लिइएको हो । रकमको स्रोत खुल्न नसकेपछि उनलाई थप अनुसन्धानका लागि प्रहरी हिरासतमा राखिएको छ ।

प्रहरीका अनुसार बरामद रकम हुन्डी वा अन्य गैरकानूनी वित्तीय कारोबारसँग जोडिएको छ कि छैन भन्नेबारे अनुसन्धान भइरहेको छ । नेपाल-भारत सीमानजिक भएको रौतहट जिल्लमा अवैध वित्तीय गतिविधिका लागि जोखिमयुक्त क्षेत्र मानिँदै आएको छ, जहाँ प्रहरीले हाल चेकजाँच अझ कडाइ गरेको छ । जैसवालमाथि गैरकानूनी वित्तीय कारोबार तथा राजस्व छलीसम्बन्धी मुद्दा चलाइने सम्भावना रहेको प्रहरीले जनाएको छ । आवश्यक प्रक्रियापछि उनलाई राजस्व अनुसन्धान विभाग वा सम्बन्धित निकायमा बुझाउने तयारी रहेको छ ।

**द्रुतगतिमा...**

गरिएको उक्त ब्युरोका भण्डारी नै संस्थापक प्रमुख थिए। उनले २०६७ साउन १ देखि २०६८ भदौ ८ गतेसम्म सिआइबी प्रमुखका रूपमा सेवा गरेका थिए ।

प्रधानमन्त्री कार्कीले मन्त्रिपरिषद् तेस्रो पटकसम्म विस्तार गर्दा पनि श्रम मन्त्रालय आफैं मातहात राखेकी थिइन् । चौथो पटकको विस्तारमा मात्र मन्त्रालयले विभागीय मन्त्री पाएको हो ।

वैदेशिक रोजगार र रेमिट्यान्स देशको अर्थतन्त्रको मेरुदण्ड मानिँदै आए पनि श्रम मन्त्रालय विगतका सरकारझैं यसपालि पनि कम प्राथमिकतामा परेको थियो । तीन महिनादेखि मन्त्रालय प्रधानमन्त्री कार्कीको प्रत्यक्ष नेतृत्वमा थियो, जसका कारण दीर्घकालदेखि थन्किएका मुद्दा अघि नबढेको भन्दै व्यवसायीहरू निराश थिए ।

अब विभागीय मन्त्री नियुक्त भएपछि वैदेशिक रोजगार क्षेत्रका सुधारात्मक कामलाई प्राथमिकता दिइने अपेक्षा व्यवसायीहरूले व्यक्त गरेका छन् ।

शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेलबाट शपथग्रहण गरेपछि श्रम मन्त्रालय पुगेका नवनियुक्त मन्त्री भण्डारीले छोटो कार्यकाललाई 'द्रुतगतिमा परिणाम दिने' समयका रूपमा उपयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

पत्रकारहरूसँग कुरा गर्ने क्रममा उनले आफू सिआइबीको संस्थापक प्रमुख रहँदै संगठित अपराधको जालो तोड्ने काममा अनुभव सँगालेको बताउँदै श्रम मन्त्रालयमार्फत पनि प्रभावकारी परिणाम दिने प्रतिवद्धता व्यक्त गरे ।

उनले भने, 'सरकारको कार्यावधि छोटो छ । तर म एक दिनलाई एक घण्टाका द्रुत गतिमा उपयोग गर्छु ।'

जेनजी आन्दोलनपछि प्रहरी र युवाबीच देखिएको दूरीबारे बोल्दै उनले दुवै पक्षमा पीडा रहेको उल्लेख गरे । 'प्रहरी र जेनजी पुस्ताबीचको नकारात्मक खाडल हटाउनु छ । प्रहरी हरेकपटक दमनकारी हुँदैन, जेनजी पनि हरेकचोटि विध्वंसकारी हुँदैन भन्ने बोध गराउनु छ,' भण्डारीले भने ।

दुवै पक्षले व्यहोरेका क्षति र गुनासालाई मन्त्रिपरिषद्मा उठाएर समाधानतर्फ अघि बढ्ने विश्वास समेत उनले व्यक्त गरे ।

अवकाश पश्चात लेखन, रचना तथा पठनपाठनमा सक्रिय रहेका भण्डारीले अब राष्ट्रसेवामा जुट्ने समय आएको बताए । उनले श्रम मन्त्रालयमार्फत वैदेशिक रोजगार र श्रमिक सुरक्षासम्बन्धी समस्यालाई द्रुत गतिमा समाधान गर्नु नै आफ्नो प्रमुख प्राथमिकता हुने उल्लेख गरेका छन् ।

**पूर्वराजाको...**

अनुसन्धानबाट खुलेको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले जिल्ला प्रहरी कार्यालय झापाको समन्वयमा झापाको मेचीनगर नगरपालिका-१० धुलाबारीबाट उनीहरूलाई पक्राउ गरेको हो । उनले आफू पूर्वराजाको भान्जा भएको भन्दै सहजै युवायुवतीलाई ठगी गर्ने गरेका थिए ।

युवायुवतीलाई विश्वास दिलाउन उनले होटल र आफ्नो कम्पनीबीचको नक्कली रोजगार-सम्झौता, काठमाडौंस्थित बेलायती दूतावासको नक्कली पत्र, नक्कली प्रवेशाज्ञा (भिसा) र हवाई टिकटलगायत कागजात देखाउने गरेको अनुसन्धानका क्रममा खुलेको छ । उनीहरूले आकर्षक तलबको प्रलोभनमा परी युवायुवतीमाथि ठगी गर्ने गरेका थिए। पैसा बुझाएर पनि लामो समयसम्म विदेश नपठाई सम्पर्कविहीन भएको भन्ने पीडितको उजुरीका आधारमा उनीहरूलाई पक्राउ गरिएको अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए ।

पक्राउ परेका सिहंविरुद्ध यसअघि अमेरिका र बेलायत पठाइदिने भन्दै ठगी गरेको कसुरमा जिल्ला प्रहरी परिसर काठमाठौंमा चार, ललितपुरमा दुई गरी छ वटा ठगीसम्बन्धी कसुर तथा पूर्वराजपरिवारको सदस्य भन्दै धाकधम्की दिएको भनी प्रहरी वृत्त दरबारमार्गमा एउटा मुद्दा दर्ता रहेको अनुसन्धानबाट खुलेको प्रहरी उपरीक्षक आचार्यले जानकारी दिए।

कार्यालयले सिंहको समूहबाट ठगिएका अन्य पीडितहरूले निजविरुद्ध कानुनी कारबाहीका लागि आवश्यक कागजातसहित अपराध अनुसन्धान कार्यालय र जिल्ला प्रहरी परिसर भद्रकालीमा जाहेरी दिन अनुरोधसमेत गरेको छ।

**इतिहासकै...**

छ। आन्दोलनका क्रममा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली राजीनामा दिन बाध्य भए। प्रतिनिधि सभाबाटै अर्को सरकार बन्न सकेन। त्यसपछि कार्की नेतृत्वमा अन्तरिम सरकार बनेको हो ।

कार्की नेतृत्वको अन्तरिम सरकार कृष्णप्रसाद भट्टराई र खिलराज रेग्मी नेतृत्वको अन्तरिम सरकारभन्दा ठुलो बनेको छ । अघिल्ला दुई अन्तरिम सरकार दुवै ११ सदस्यीय थिए। कार्की नेतृत्वको सरकार भने १४ सदस्यीय भएको छ ।

वर्तमान सरकारको म्यान्डेड आगामी २१ फागुनमा प्रतिनिधि सभाको चुनाव गराउनु रहेको छ । चुनाव गराउने समय आउन तीन महिना पनि बाँकी छैन । यसबेला समेत सरकार विस्तार भएको हो ।

कतिपयले भने वर्तमान सरकारको अवधि केही लम्बिन सक्नेसमेत बताइरहेका छन् ।

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा प्रतिनिधि सभाको चुनाव आगामी वैशाखसम्म सरे पनि फरक नपर्ने बताउँछन् ।

जेनजीलाई अपनत्व महसुस गराउन, निर्वाचन वातावरण विकसित गर्न र हिमाली क्षेत्रलाई सहज बनाउन भन्दै उनले यस्तो बताएका हुन् ।

'जेनजी समूहहरूलाई अपनत्वमा गाँस्न, विश्वसनीय चुनावी वातावरण विकसित गर्न र हिमाली क्षेत्रलाई समेत सहज बनाउन निर्वाचन थोरै पर वैशाखमा पुग्नुपरे त्यसलाई स्वाभाविक रूपमै स्वीकार गर्नुपर्नेहुन्छ । सहमति र सहकार्यमार्फत आगामी यात्रालाई सहज बनाउनु हामी सबैको साझा दायित्व हो,' शर्माले सामाजिक सञ्जालमा लेखेका छन् ।

# तीन–खम्बे अर्थनीतिमा एमाले अडिग

छवि सापकोटा/मध्यान्ह
काठमाडौं २७ मंसिर

नेकपा एमालेको ११औं महाधिवेशनमा नेतृत्व चयनप्रति जति उत्सुकता छ, त्यत्ति नै चासो उसको अर्थ नीतिमाथि पनि देखिएको छ। २०४६ सालको परिवर्तनपछि नेपाली कांग्रेसले निजीकरण र आर्थिक उदारीकरणको नीति लियो । 'कांग्रेसले उद्योग बेचेर खाएको' आरोप लगाएर त्यसको विरोध गरेको एमालेले सहकारीसहितको तीन खम्बे अर्थनीति अघि सारेको हो । तर केही वर्षयता सहकारी ठगीका शृंखलाबद्ध घटनाले सर्वसाधारणको अर्बौं रकम डुब्यो । सहकारीप्रति नकारात्मक दृष्टिकोण बनायो । जसका कारण एमालेको अर्थनीतिबारे पनि धेरैको चासो बढाएको छ ।

महाधिवेशसँगै नयाँ नेतृत्वले निर्वाचनमा होमिँदै गर्दा पार्टीको अर्थनीति र देशको आर्थिक समृद्धिलाई कसरी अगाडि लैजाला भन्ने चासो छ । एमालेले अर्थनीतिमा तीनखम्बे आर्थिक सुधारलाई नै केन्द्रमा राखेको देखिन्छ । एमालेले पूर्वाधार विकास, आर्थिक वृद्धि, बढ्दो बेरोजगारीदेखि आयातमा देखिएको परनिर्भरतालाई हटाउने आर्थिक रोडम्यापमै काम गर्दै आएको छ ।

एमालेले अघि सारेको तीनखम्बे आर्थिक नीतिमा निजी क्षेत्र, सहकारी क्षेत्र र सार्वजनिक क्षेत्रको विकासबाट मात्र आर्थिक समृद्धिको बाटो अगाडि बढ्ने भन्ने छ । निजी क्षेत्रको विकासले लगानी, प्रतिपर्स्धा, रोजगारी, व्यापार, उत्पादनदेखि आयातलाई प्रतिस्थापनमा सहयोग गरिरहेको एमाले पार्टीको बुझाइ छ । सहकारी क्षेत्रले कृषक, साना उद्यमीदेखि गाउँमा बैंकबाट ऋण नपाउने हुनाले सहकारीबाट कर्जा प्रवाह हुने हुँदा ग्रामीण अर्थतन्त्रको विकासमा सहयोग पुग्ने अर्थनीति अवलम्बन गरेको निष्कर्ष छ । त्यस्तै, सार्वजनिक क्षेत्रमा स्वास्थ्य, शिक्षा, पूर्वाधार, ऊर्जा, जलस्रोत विकासबाट आर्थिक विकासको आधार






बन्ने नीतिमा देखिन्छ । निजी-सहकारी-सार्वजनिक तीनै क्षेत्रले मिलेर बन्ने मिश्रित अर्थतन्त्रले नेपालको विकासमा सहयोग गर्ने नीतिका साथ एमाले अघि बढिरहेको छ। एमालेले स्वाधीन र सबल राष्ट्रिय अर्थतन्त्रका लागि राष्ट्रिय पुंजीको विकासमा समेत जोड दिँदै आएको पूर्वअर्थमन्त्री तथा एमाले उपाध्यक्ष सुरेन्द्र पाण्डेको बताउँछन् । 'आर्थिक उन्नति र राष्ट्रिय समृद्धिका लागि उद्यमशीलताको विकासलाई नै केन्द्रमा राखिएको छ । कृषिलाई व्यवसायीकरण, घरेलुदेखि साना उद्योगको विकासले नेपाल आर्थिक समृद्धि ल्याउने आर्थिक नीतिमा लिएको छ,' उनले भने, 'एमालेको अहिलेसम्म लिएको आर्थिक रणनीति उत्पादनमुखी र समाजवाद उन्मुख अर्थतन्त्र, निजी क्षेत्रको लगानी, ऊर्जा निर्यात र डिजिटल अर्थतन्त्रमा केन्द्रित रहेको छ ।'

राष्ट्रिय पुंजीको विकास गर्दै समाजवादको बाटोमा लैजाने र जनताको बहुदलीय जनवाद (जवज)बाटै आर्थिक विकासको गति बढाउने एमालेले नीति लिँदै आएको छ। यस्तै, निजी तथा बाह्य लगानीबाट बन्ने पूर्वाधार विकास नेपाल परनिर्भर बढ्ने बुझाइ छ ।

पार्टीको घोषणापत्रमा समेत आर्थिक विकाससँगै सामाजिक सुरक्षालाई एमालेले सधैं आफ्नो मुद्दाका रूपमा हेरेको छ । २०५१ सालमा एमाले अर्थमन्त्री भरतमोहन अधिकारीले ल्याएको वृद्धभत्तासहितको सामाजिक सुरक्षा नीति ल्याएका थिए, जुन अहिले पनि निरन्तर चलिरहेको छ ।

एमालेका चार अर्थमन्त्री

एमालेबाट पहिलोपटक अर्थमन्त्री बनेका भरतमोहन अधिकारीको कार्यकाल छोटो रहे पनि 'नौ स'को नारा, सहकारी नीति र सामाजिक सुरक्षा उनकै पालाबाट सुरु भयो । उनले एक सय रुपैयाँबाट वृद्धभत्ताको सुरुवात गरेका थिए । सामाजिक सुरक्षालगायत लोकप्रिय नीति तथा कार्यक्रम र बजेटले तत्कालीन नौमहिने सरकारलाई लोकप्रिय बनायो । सोही नीतिका कारण एमाले जनतामा चिनियो । त्यतिबेला एमालेले जनमुखी, समानता र उत्पादनमुखी योजनादेखि राजस्वमा सुधारको नीति लिएको थियो ।

अधिकारीपछि क्रमशः सुरेन्द्र पाण्डे, विष्णु पौडेल र डा. युवराज खतिवडा एमालेबाट अर्थमन्त्री भए । उनीहरूले पनि तिनै अर्थनीतिमा रहेर अर्थ मन्त्रालय चालाए । भरतमोहनपछि अर्थमन्त्री बनेका तीन अर्थमन्त्रीले तीनखम्बे अर्थनीतिलाई नै जोड दिएका थिए । पछिल्लो एक दशकमा छिटोछिटो सरकार परिवर्तन र गठबन्धनको सरकारको अभ्यासले आफ्नो नीतिभन्दा सर्वस्वीकार्य अर्थ नीतिमै एमाले गएको देखिन्छ । एउटै दलको बहुमतको सरकार नहुँदा बजेट बन्दादेखि कार्यान्वन गर्दासम्म हुने सरकार परिवर्तनले पार्टीका अर्थनीति कार्यान्वयन हुने स्थिति नहुने अर्थशास्त्री डा. दिलनाथ दंगाल बताउँछन् । दलहरू पार्टीको आर्थिक नीति घोषणापत्रमा देखाउने तर कार्यान्वयन गर्न नसक्ने स्थितिमा रहेको उल्लेख गर्दै उनी भन्छन्, 'दलअनुसार नीतिहरू भिन्न हुन सक्छन् । तर लागू गर्ने स्थिति नै हुँदैन । त्यसले एमाले मात्र होइन, कुनै पनि दलका नीतिहरूको सही परीक्षणसमेत हुन पाएको छैन ।'

# 'अण्डा'को लागत मूल्य बढ्यो



**चितवन/मस–** अण्डाको लागत मूल्य निरन्तर उकालो लागेको छ । पोल्ट्री व्यवसायी मञ्चले कृषि तथा वन विज्ञान विश्वविद्यालयका विज्ञहरूको समिति बनाई निकालेको लागत मूल्यअनुसार यस अघिको लागत मूल्यभन्दा वृद्धि भएको हो ।

लागत मूल्य अध्ययन समितिका सदस्यसचिव कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुरका उपप्राध्यापक डा. अनन्त दाहालका अनुसार अहिले निकालिएको एउटा अण्डाको लागत मूल्य १९.१२ पर्न आउँछ । विगतमा लागत मूल्य १६.५६ रहेको थियो । तीन वर्षअघि सरकारी र निजी क्षेत्रका भेटेरिनरियन चिकित्सकहरूले लागत मूल्य निकालेका थिए ।

डा. दाहालका अनुसार १० हजार लेयर्स कुखुरापालन गरी अण्डा उत्पादन गर्दा लाग्ने अण्डाको मूल्य निकालिएको हो । यसअनुसार चल्लाको मूल्य प्रतिगोटा १ सय ५० का दरले १५ लाख, तीन प्रकारका दाना, औषधि र भ्याक्सिन गरी ३ करोड ४८ लाख ८८ हजार ८ सय खर्च निकालिएको छ । यसमा सुरुमा चल्लालाई खुवाउने एल वान दाना एउटा चल्लालाई दुई किलो, जसको मूल्य प्रतिकिलो ६८ राखिएको छ । हुर्काउलो कुखुराका लागि छ किलो (एल टु दाना), यसको सरदर मूल्य ६१ राखिएको छ । १९ हप्तादेखि ८० हप्तासम्मको अण्डा दिने समयका लागि ४८ किलो एलथ्री दाना एउटा कुखुराले खान्छ । जसको मूल्य ६०.५० पर्छ । त्यस्तै, औषधि र भेक्सिनको ११ लाख खर्च हुने उनले जानकारी दिए ।

त्यसैगरी, मजदुर, भेटेरिनरी चिकित्सक, व्यवस्थापक, विद्युत्, धानको भुस, खोरको मर्मत, खोरमा त्रिपाल, चल्ला तातो बनाउने ग्यास, अण्डाको क्रेट र डिजेल गरी ६० लाख ५८ हजार ६ सय ९६ खर्च हुने दाहालले बताए । जसमा मजदुर खर्च २५ लाख २० हजार, भेटेरिनरी चिकित्सक (आंशिक)को ४ लाख ५० हजार, व्यवस्थापकको ७ लाख २० हजार, विद्युतको २ लाख १३ हजार ९ सय ९६, धानको भुसको ४ लाख, खोरको मर्मत ३ लाख ५० हजार, पाँचवटा खोरमा त्रिपाल राख्दा १ लाख ५० हजार, ग्यासको ४० हजार लागत निकालिएको छ । यस्तै, अण्डाको क्रेटको ८ लाख ९६ हजार र डिजल एवं जेनेरेटर खर्च ३ लाख १९ हजार लागत निकालिएको उनले जानकारी दिए ।

त्यसैगरी, अण्डा ढुवानीको मजदुर खर्च ६ लाख ३० हजार, ढुवानी सवारीको २ लाख ५० हजार र खोरको ह्रासकट्टी १९ लाख ७२ हजार ५ सय, मजदुरको आवासको ह्रासकट्टी २ लाख र बैंक ब्याज ४९ लाख ५९ हजार ७ सय ५० लागत निकालिएको छ । यी सबैको एकमुष्ठ ८० लाख १२ हजार २ सय ५० हुन आउँछ ।

सम्पूर्ण खर्च जोड्दा १० हजार कुखुरापालन गरी अण्डा उत्पादन गर्दा ४ करोड ९८ लाख ५९ हजार हुन आउने उनको भनाइ छ । डा. दाहालले भने, '१० हजार कुखुरापालन गरी अण्डा उत्पादनपछि बजारसम्म पुऱ्याउँदा लाग्ने सम्पूर्ण खर्च जोडेर लागत मूल्य निकालेका हौं ।' त्यसैको आधारमा प्रतिगोटा लागत मूल्य १९.१२ पर्न आएको उनको भनाइ छ । पालिएका सबै कुखुराले शतप्रतिशत अण्डा नदिने, अण्डा बजारसम्म पुऱ्याउँदा नोक्सान हुनेजस्ता विषयवस्तु समेतको अध्ययन गरी लागत मूल्य निर्धारण गरिएको उनले बताए ।

चल्ला राखेदेखि अण्डा दिई ८० हप्तासम्म पाल्दा २ हजार कुखुरा मर्ने हुँदा ८ हजार कुखुराले २६ लाख ८८ हजार अण्डा पार्छन् । जसको ३ प्रतिशत फुट्ने र बिक्री अयोग्य हुन्छ । दाहालका अनुसार जसबाट ८० हजार ६ सय ४० वटा अण्डा बिक्री गर्न अयोग्य हुन्छ । यसरी हेर्दा २६ लाख ७ हजार ३ सय ६० अण्डा बिक्री गर्न योग्य हुन्छन् । यसैगरी, आम्दानीतर्फ अण्डा दिन छाडेपछि ८ हजार कुखुरा २ सयका दरले बिक्री गर्दा १६ लाख र ३ सय बोरा मल २ सयका दरले बिक्री गर्दा ६० हजार गरी कुल अन्य आम्दानी १६ लाख ६० हजार हुने उनको भनाइ छ ।

# गोल्याण ग्रुपमा नेतृत्वमा अक्षय गोल्याण

मध्यान्ह संवाददाता
काठमाडौं, २६ मंसिर



नेपालको प्रतिष्ठित र अग्रणी व्यावसायिक घराना गोल्याण ग्रुपको अध्यक्षमा ३७ वर्षीय अक्षय गोल्याण चयन भएका छन् । नौ वर्षदेखि ग्रुपको प्रबन्ध निर्देशक रहेका उनले अब ६ दशक लामो विरासत बोकेको ग्रुपलाई नेतृत्व गर्नेछन् । नेतृत्वमा उनको चयनलाई गोल्याण ग्रुपभित्र नयाँ युगको पदचाप र परिवर्तनको चाहना प्रतिविम्बित भएको विश्लेषण गरिएको छ ।

ग्रुपले शुक्रबार प्रेस विज्ञप्ति जारी गर्दै आफ्नो वार्षिक उत्सवका अवसरमा यस्तो घोषणा गरिएको जनाएको छ । पारिवारिक एकता र रणनीतिक निरन्तरताको सन्देश दिँदै ग्रुपका उपाध्यक्ष वासुदेव गोल्याणले अक्षयलाई सञ्चालक समितिको अध्यक्ष पदमा चयन गरिएको औपचारिक घोषणा गरेका थिए ।

'अक्षय गोल्याण अब ग्रुपको अध्यक्ष र प्रबन्ध निर्देशकको भूमिकामा रहनुहुनेछ, कार्यकारी अधिकारसहित बोर्डको नेतृत्व एकै ठाउँमा केन्द्रित हुनुले गोल्याण ग्रुपको विकास, विस्तार र विश्वव्यापी उपस्थिति थप प्रभावशाली हुने विश्वास गरिएको छ,' ग्रुपका कर्पोरेट अफेयर्स, कम्युनिकेसन्स एन्ड पब्लिक रिलेसन्स प्रमुख ज्योति गैह्रेद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

अक्षयले विश्वका 'उत्कृष्ट १० भित्र' पर्ने स्पेनको इसेड विश्वविद्यालयबाट बिजनेस स्टडिजमा स्नातकोत्तर गरेका छन् । अध्ययनपश्चात् नौ वर्षदेखि ग्रुपको प्रबन्ध निर्देशक रहेका उनले ग्रुपअन्तर्गतका अन्य कम्पनीहरूलाई समेत प्रत्यक्ष नेतृत्व प्रदान गरिरहेको विज्ञप्तिमा उल्लेख छ ।

गोल्याण ग्रुप नेपालको उत्पादनमूलक उद्योग, नवीकरणीय ऊर्जा, कृषि र हस्पिटालिटी क्षेत्रमा बलियो उपस्थिति रहेको अग्रणी व्यावसायिक समूह हो । ६ दशक लामो इतिहास बोकेको ग्रुपमा करिब १० हजार कर्मचारी कार्यरत छन् । ६० भन्दा बढी ग्लोबल मार्केटमा उपस्थिति रहेको ग्रुपको वार्षिक कारोबार मात्र ४ सय मिलियन अमेरिकी डलरभन्दा बढी रहेको छ ।

नेपालको आर्थिक आत्मनिर्भरतामा टेवा पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्दै आएको ग्रुपको शीर्ष नेतृत्वमा युवा पुग्नुले मुलुकको आर्थिक समृद्धिमा थप टेवा पुग्ने विश्वास गरिएको छ । 'यो केवल पदभार ग्रहण मात्र होइन, यो एउटा विरासतलाई आधुनिक युगमा रूपान्तरण गर्ने जिम्मेवारी पनि हो,' जिम्मेवारी ग्रहणपश्चात् अध्यक्ष गोल्याणले भनेका छन्, 'गोल्याण ग्रुपलाई अब नेपालको सिमानाभन्दा बाहिर एक अन्तर्राष्ट्रियस्तरको प्रतिस्पर्धी संस्थाको रूपमा स्थापित गर्न प्रतिबद्ध छौं । हाम्रो ध्यान अब नवप्रवर्तन, दिगो विकास र संस्थागत सुशासनमा केन्द्रित हुनेछ ।'

सञ्चालक समितिले ग्रुपका संस्थापक अध्यक्ष पवन गोल्याणलाई 'सम्मानित अध्यक्ष' र प्रमुख संरक्षकको सम्मान दिएको छ । नेपालको अर्थतन्त्र र ग्रुपको विकासमा पुऱ्याएको अतुलनीय योगदानको कदर सञ्चालक समितिले उक्त सम्मान दिएको जनाएको छ । नवनियुक्त अध्यक्ष अक्षय गोल्याणले संस्थापक अध्यक्षबाट प्राप्त हुने मार्गदर्शनले ग्रुपको मूल मर्ममा अडिग रहँदै आधुनिक रणनीतिहरू निर्माण र कार्यान्वयन गर्न थप मद्दत पुग्ने विश्वास व्यक्त गरेका छन् ।

'पवन गोल्याणज्यु 'अध्यक्ष एमरिटस'को भूमिकामा रहनु आफैंमा उत्कृष्टताको निरन्तरता हो, ग्रुपले उहाँको रणनीतिक सुझाव र अनुभवको लाभ लिइरहनेछ', उनले भनेका छन्, 'यसले ऊर्जा, कृषि, उत्पादन र निर्यातलगायतका क्षेत्रमा ग्रुपको विस्तारलाई थप मजबुत बनाउनेछ, निरन्तर नवप्रवर्तन विस्तार र नेपालको आर्थिक समृद्धिका लागि काम गरिरहनेछौं ।'


## QATAR मा रोजगार

कम्पनी: AL HAYA WASTE TREATMENT FACTORY — शहर: QATAR
पूर्व स्वीकृत मितिः २०८१/०८/१२ चलानी नं.: ६०२२९२८८ LT. No.: 314394 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer (Male) | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३९,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver (Male) | 5 | 0 | | 1700 | ६७,३०३ | | | | | | | |
| 3. | Machine Operator General | 5 | 0 | | 1900 | ७५,२२१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुष ५ गते (20 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

PRUDENTIAL OVERSEAS PVT LTD — License No: 800/065/066
Sinamangal, Kathmandu, Nepal, Tel:- 01-5918914, CONTACT NUMBER : +977 15918914, 9802002013, 9802002035, 9802002032

## युएईमा रोजगार

कम्पनी : NATIONAL CATERING COMPANY LIMITED-WLL — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८२/०३/१० चलानी नं.: ६०२४००३९ LT. No.: 326063 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Messenger Boy | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४७,१४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Helper | 8 | 0 | | 1000 | ३९,२९० | | | | | | | |
| 3. | Cleaners (Male) | 15 | 0 | | 800 | ३१,४३२ | | | | | | | |

कम्पनी : APEX ALWATANIAH CATERING SERVICES LLC — शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०८२/०२/१९ चलानी नं.: ६०२३९८८९ LT. No.: 324966 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 18 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३९,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Male Cleaner | 33 | 0 | | 900 | ३५,३६१ | | | | | | | |
| 3. | Messenger | 4 | 0 | | 1000 | ३९,२९० | | | | | | | |
| 4. | Packers | 5 | 0 | | 1000 | ३९,२९० | | | | | | | |
| 5. | Porter | 9 | 0 | | 1000 | ३९,२९० | | | | | | | |
| 6. | Resturant Worker | 19 | 0 | | 1000 | ३९,२९० | | | | | | | |

कम्पनी : APEX ALWATANIAH CATERING SERVICES LLC — शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०८१/०९/१२ चलानी नं.: ६०२३०४४९ LT. No.: 316204 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Assistant | 6 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३५,३६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Office Boy | 11 | 0 | | 1000 | ३९,२९० | | | | | | | |
| 3. | Porter | 15 | 0 | | 900 | ३५,३६१ | | | | | | | |
| 4. | Room Boy | 1 | 0 | | 1000 | ३९,२९० | | | | | | | |

कम्पनी : APEX ALWATANIAH CATERING SERVICES LLC — शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०८२/०४/०५ चलानी नं.: ६०२४१२५० LT. No.: 327089 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Baker | 28 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५८,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Confectioners | 0 | 20 | | 1600 | ६२,८६४ | | | | | | | |
| 3. | General Cook | 16 | 0 | | 2500 | ९८,२२५ | | | | | | | |
| 4. | Head Chef | 10 | 0 | | 4000 | १५७,१६० | | | | | | | |
| 5. | Receptionist | 19 | 0 | | 1800 | ७०,७२२ | | | | | | | |
| 6. | Waiters | 15 | 0 | | 1600 | ६२,८६४ | | | | | | | |
| 7. | Waitress | 0 | 24 | | 1600 | ६२,८६४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८२ पुष ५ गते (20 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

RELIABLE MANPOWER RECRUITMENT PVT LTD — Lic. No: 1728/081/082
Sinamangal-09, Kathmandu, Nepal, Tel: 015922931/015922932/015922934
Email: reception@reliablemanpowernepal.com, Website: www.reliablemanpowernepal.com


## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

पुसुराम बुढाथोकीको नाति, शशिराम बुढाथोकीको छोरा, रुकुम जिल्ला, सानिभेरी गा.पा. वडा नं. ०८ बस्ने, यस बैंकको सानिभेरी शाखा कार्यालयको खातावाला गम्बर सिंह बुढाथोकीको मिति २०८२/०५/२२ मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको पत्नी कस्तुरी ओली बुढाथोकीले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

## सिंगटी हाइड्रो इनर्जी लि.को

हाडीगाँउ, काठमाण्डौं, फोन नं. ०१-४५४३२०२, ४५४३२०३
Email: shehydro@gmail.com, Web: www.singatihydro.com

### सोह्रौं वार्षिक साधारण सभासम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०८/२७**

यस सिंगटी हाइड्रो इनर्जी लि.को मिति २०८२/०८/२६ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार कम्पनीको सोह्रौं (पब्लिक लिमिटेड भएपश्चात् आठौं) वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सम्पूर्ण सेयरधनीहरूको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान**

मिति :- २०८२ साल पौष २१ गते सोमबार ।
समय :- बिहानको ठिक ११ बजे ।
स्थान :- धुम्रबराह भेन्यु, धुम्वाराही, काठमाडौं ।

**वार्षिक साधारण सभामा पेस हुने छलफलका विषयहरू**

(क) सामान्य प्रस्तावहरू :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष ०८१/०८२ को वार्षिक प्रतिवेदन/आर्थिक विवरणउपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. कम्पनीका लेखापरीक्षकद्वारा पेस भएको आ. व. ०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाहलगायतका वित्तीय विवरणहरू सहितको लेखा परीक्षण प्रतिवेदनउपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. ०८२/०८३ का लागि लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. अन्य आयोजनाको सम्बन्धमा अध्ययन गरी लगानी गर्ने तथा लगानी गर्ने आयोजनाहरूमा कर्पोरेट बैंक ग्यारेन्टी दिने सम्बन्धमा ।
५. विविध ।

(ख) विशेष प्रस्तावहरू :

१. सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम बोनस सेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।
२. विशेष प्रस्ताव नं. १ बमोजिम जारी गरिने बोनस सेयरको हदसम्म कम्पनीको अधिकृत, जारी र चुक्तापूँजी वृद्धि गर्ने गरी प्रबन्धपत्रको दफा ६ (क), (ख) र (ग) मा संशोधन गर्ने सम्वन्धमा ।
३. कम्पनीले १:१ को अनुपात माहकप्रद सेयर निष्काशन गर्ने सम्बन्धमा ।

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१. यस सिंगटी हाईड्रो इनर्जी लिमिटेडको सोह्रौं (पब्लिक लिमिटेड भएपश्चात् आठौं) वार्षिक साधारण प्रयोजनका लागि मिति २०८२/०९/०७ गते सोमबारका दिन यस कम्पनीको सेयर दाखिल खारेज दर्ता कार्य बन्द (Book Close) रहनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८२/०९/०६ गते आइतबार सम्म कारोबार भई प्रचलित कानून अनुसार तोकिएको समयावधिभित्रमा यस कम्पनीको सेयर रजिष्ट्रार एनआई एम बि एस क्यापिटल लिमिटेड लाजिम्पाट काठमाण्डौमा प्राप्त सेयर नामसारी विवरणको आधारमा सेयरधनी दर्ता किताबमा कायम सेयरधनीहरूले मात्र वार्षिक साधारण सभामा भागलिन र मतदान गर्न पाउने छन् ।
२. वार्षिक साधारण सभामा भागलिने सेयरधनी महानुभावहरूले आफ्नो परिचय खुल्ने प्रमाण वा फोटो सहितको परिचयपत्र अनिवार्य रूपमा साथमा लिई आउनुपर्नेछ ।
३. साधारण सभामा भागलिन प्रतिनिधि (प्रोक्सी) नियुक्तगर्न चाहने सेयरधनीहरूले प्रचलित कम्पनी सम्बन्धी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रीय कार्यालय काठमाण्डौमा प्रतिनिधिपत्र (प्रोक्सी) दर्ता गराइसक्नु पर्नेछ । कम्पनीको सेयरधनी बाहेक अरुलाई प्रतिनिधिपत्र (प्रोक्सी) दिनपाइने छैन ।
४. सेयरधनी महानुभावहरूको उपस्थिति पुस्तिका साधारणसभा स्थलमा बिहान १०:०० बजेदेखि खुल्ला रहनेछ ।
५. वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी वा साधारण सभामा पेश हुने विवरणहरू सम्बन्धमा कुनै जानकारी आवश्यक भएमा कम्पनीको वेभसाइट www.singatihydro.com बाट वाकार्यालय समय भित्र कम्पनीको केन्द्रीय कार्यालयको टेलिफोन नं. ०१-४५४३२०२ र ४५४३२०३ बाट प्राप्तगर्न सक्नु हुनेछ ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

एनपिएल फाइनल आज

# उपाधि जित्न तयार लुम्बिनी र सुदूरपश्चिम




**काठमाडौं/मस–** दोस्रो संस्करणको सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)को फाइनल खेल शनिबार हुँदैछ । कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा दिउँसो साढे ३ बजे हुने फाइनल खेलमा साबिक उपविजेता सुदूरपश्चिम रोयल्स र लुम्बिनी लायन्स भिड्नेछन् ।

साबिकको विजेता टोली जनकपुर बोल्ट्स खेलबाट बाहिरिएपछि यस संस्करणमा नयाँ च्याम्पियन बन्ने पक्का छ । सुदूरपश्चिम र लुम्बिनी उपाधि रक्षाका लागि तयार छन् । लुम्बिनीलाई नेपाली राष्ट्रिय क्रिकेट टिमका कप्तानसमेत रहेका रोहित पौडेलले सम्हालेका छन् । सुदूरपश्चिमको जिम्मा नेपाली राष्ट्रिय क्रिकेट टिमका उपकप्तान रहेका दीपेन्द्रसिंह ऐरीको रहेको छ ।

रोयल्स साबिक उपविजेता भएकाले लायन्सभन्दा बलियो देखिएको छ । लिग चरणका सातमध्ये ६ खेल जितेर पहिलो क्वालिफायर खेल्दै रोयल्स उपाधि नजिक पुगेको हो । रोयल्स गत वर्ष फाइनलमा जनकपुर बोल्टससँग पाँच विकेट पराजित हुँदै उपविजेतामा सीमित भएको थियो ।

लायन्स यो वर्ष लिग चरणका सातमध्ये चार खेलमा विजयी हुँदै इलिमिनेटर र दोस्रो क्वालिफायर आफ्नो पक्षमा पार्दै फाइनलमा सुरक्षित भएको हो । लुम्बिनी गत संस्करणमा लिग चरणबाटै आउट भएको थियो । जारी सिजनमा एकपटक मात्रै यी दुवै टोली एकआपसमा भिडेका छन् । लिग चरणको उक्त खेलमा रोयल्स सात विकेटले विजयी भएको थियो । गत संस्करणमा एकपटक भेट भएकामा लायन्स ४५ रनले पराजित भएको थियो । तेस्रो भेट दुवैका लागि महत्वपूर्ण रहेको छ । जसले जित हात पार्‍यो त्यसले खेल मात्रै जित्ने छैन, च्याम्पियन बन्दै इतिहास लेखाउने छ ।

इतिहास लेखाउनका लागि दुवै टोली एक जित मात्रै पछाडि छन् । रोयल्सका कप्तान ऐरीले आफूहरू च्याम्पियन बन्न तयार रहेको बताएका छन् । उनले भने, 'गत वर्ष फाइनलनमा चुकेका हौं । सबै कमीकमजोरी सुधार गर्दै यस पटक च्याम्पियन बन्ने हाम्रो लक्ष्य हो ।'

लायन्सका कप्तान पौडेलले आफूहरू च्याम्पियन बन्नका लागि सबै पक्षबाट तयार रहेको बताएका छन् । उनले भने, 'हामीहरू पछिल्लो पाँच खेल लगातार जितेर फाइनलमा पुगेका हौं । हाम्रो ध्यान अब ट्रफी जित्नेमा छ ।'

सुदूरपश्चिम रोयल्समा बलर अभिनाश बोहरा प्रभाव पार्न सक्ने खेलाडीका रूपमा रहेका छन् । जुन उनको हालसम्मको प्रदर्शनले देखाएको छ । जारी सिजनमा भएका आठ खेलमा उनले १६ विकेट लिँदै सबैभन्दा बढी विकेट लिनेको दोस्रो नम्बरमा छन् ।

विदेशी खेलाडी हर्मित सिंह रोयल्सका लागि लयमा देखिएका खेलाडी हुन् । अलराउन्डर खेलाडी सिंहले हालसम्म १२ विकेट लिएका छन् । उनी उत्कृष्ट बलरको छैटौं नम्बरमा छन् । उनले ब्याटिङबाट एक अर्धशतकसहित १२३ रन जोडिसकेका छन् । एक खेलमा उत्कृष्ट खेलाडीसमेत भए ।

रोयल्सलाई फाइनल पुर्‍याउन ओपनर ब्याटर विनोद भण्डारीको भूमिका महत्वपूर्ण छ । उनी सर्वाधिक रनकर्ता सूचीमा दोस्रो नम्बरमा छन् । भण्डारीले आठ खेलबाट २६४ रन बनाएका छन् । जसमा दुई अर्धशतक रहेका छन् । उनी यो संस्करणमा दुई पटक प्लेयर अफ द म्याचसमेत भएका छन् ।

कप्तान ऐरी प्रभाव पार्न सक्ने खेलाडी हुन् । उनी सबै पक्षबाट अब्बल मानिन्छन् । उनले हालसम्म बलिङमा आठ विकेट र ब्याटिङमा १४९ रन जोडिसकेका छन् । एउटा खेलमा प्लेयर अफ द म्याचसमेत घोषित भए । स्कट कुग्गेलेइजनप नि बलिङबाट राम्रो प्रभाव पार्न सक्छन् । ओपनर बलरको भूमिकामा रहेको उनले हालसम्म १० विकेट हात पारेका छन् ।

कप्तान पौडेल लुम्बिनीका लागि सबैभन्दा लयमा देखिएका छन् । उनले ब्याट बल दुवै क्षेत्रबाट राम्रो गरेका छन् । उनी सर्वाधिक रनकर्ताको सूचीमा तेस्रो नम्बरमा छन् । उनले नौ खेलबाट २६० रन जोडेका छन् । उनी दुई खेलमा प्लेयर अफ द म्याच समेत चुनिएका हुन् ।

सर्वाधिक रनकर्ताको पाँचौं नम्बरमा रहेका लुम्बिनीका विदेशी खेलाडी डार्सी सर्ट लयमा रहेका छन् । उनले नौ खेलबाट २४२ रन जोडेका छन् । जसमा एउटा अर्धशतक पनि छ । युवा बलर शेर मल्लले पछिल्लो समय उत्कृष्ट प्रदर्शन गर्दै लुम्बिनीलाई फाइनल पुर्‍याउन महत्वपूर्ण योगदान गरेका छन् । सर्वाधिक विकेटकर्ताको तेस्रो नम्बरमा रहेका उनले नौ खेलबाट १४ विकेट चट्काएका छन् ।

उत्कृष्ट बलरको छैटौं नम्बरमा रहेका रुबेल ट्रम्पेलम्यान नौ खेलबाट १२ विकेट हात पारेका छन् । उनले राम्रो प्रदर्शन गर्दै आएका छन् । उनले ब्याटबाट ६५ रन हिर्काएका छन् । नेपाल क्रिकेट संघ (क्यान)को आयोजनामा मंसिर १ गतेदेखि सुरु भएको प्रतियोगितामा आठ टोली सहभागी थिए । एपिएलको विजेताले एक करोड १० लाख रुपैयाँ पुरस्कार प्राप्त गर्ने भने दोस्रो हुने टोलीले ५१ लाख, तेस्रो हुने टोलीले २५ लाख र चौथो हुने टोलीले १५ लाख रुपैयाँ प्राप्त गर्नेछन् ।

# रेणुलाई कांस्य, स्वीकृतलाई रजत



**काठमाडौं/मस–** दुबईमा भइरहेको पाँचौं एसियाली युथ पारा गेम्सअन्तर्गत तेक्वान्दोमा नेपालकी रेणु तामाङले शुक्रबार कांस्य पदक जितेकी छन् । पहिलो खेलमा रेणुले बंगलादेशकी नस्रिन अख्तरलाई पराजित गर्दै सेमिफाइनल पुगेको उनका प्रशिक्षक कविराज नेगी लामाले जनाएका छन् । रेणुले पहिलो राउन्डमा १५-३ र दोस्रोमा १२-० अंक बटुलिन् ।

सेमिफाइनलमा इरानकी जहरा सोल्तानीले रेणुलाई हराइन् । रेणु पहिलो राउन्डमा ०-२ र दोस्रोमा ०-१ ले पछि परिन् ।

यस्तै टेबलटेनिसको यु-२३ पुरुष सिंगल्स (क्लास ७) मा स्वीकृत न्यौपानेले रजत जितेका छन् । स्वीकृत समूह चरणमा पहिलो हुँदै सेमिफाइनलमा पुगेका थिए । समूह चरणमा स्वीकृतले काजाकिस्तान, कीर्गिस्तान र इराकका खेलाडीलाई पराजित गरेका थिए ।

सेमिफाइनलमा स्वीकृतले फिलिफिन्सका खेलाडीलाई ३-१ ले हराउँदै फाइनलमा स्थान सुरक्षित गरेका थिए । फाइनलमा स्वीकृत चाइनिज ताइपेईसँग २-३ ले चुके ।


कर्णाली प्रदेश सरकार
भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय
यातायात व्यवस्था सेवा कार्यालय
चौरजहारी, रुकुम (पश्चिम भाग)

स्वास्थ्य परीक्षण सम्बन्धी प्रस्ताव पेश गर्ने बारे सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८२/०८/२६ गते)

आर्थिक वर्ष २०८२/०८३ मा यस कार्यालयबाट सवारी चालक अनुमतिपत्र नयाँ जारी, वर्ग थप गर्दा तथा नवीकरण कार्य गर्नको लागि स्वास्थ परीक्षण सम्बन्धी कार्य सम्पादन गर्नुपर्ने भएकोले कर्णाली प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०८१ को दफा ३८ (२) र दफा ४८ (१) तथा सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम २० को उपनियम (२) बमोजिम अनिवार्य निरोगिता प्रमाणपत्र पेश गर्नुपर्ने कानूनी व्यवस्था रहेकोले उक्त प्रयोजनको लागि सो सम्बन्धी काम गर्न नेपाल सरकारबाट मान्यता प्राप्त चिकित्सक, फर्म, कम्पनी वा संस्थाले प्रस्ताव पेश गर्नको लागि तपशिलका शर्तहरुको अधिनमा रही प्रथम पटक सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा सिलबन्दी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

